# अध्याय – एक
# परिचय

## १.१ पृष्ठभूमि

शिक्षण र शिक्षक एकै सिक्काका दुई पाटा हुन् भन्ने गरिन्छ । शिक्षसक भनेका अभिभावकका आशा र भरोसाका केन्द्रबिन्दु, विद्यार्थीहरुको भाग्य र भविष्यको निर्माता र समाज परिवर्तनको संवाहक हुन् । कक्षामा शिक्षकले गर्ने कारवाहीको विश्लेषणबाट शिक्षक शिक्षणको लक्ष्यहरु निर्धारित गरिन्छ । जवाफदेहीको भार बोकेको योग्य शिक्षकहरु कस्तो हुनुपर्दछ ? शिक्षक मात्र नभई पितातुल्य शिष्ट पुरुष पनि हुनुपर्दछ, जसको आदर्शमा विद्यार्थीहरुले आफ्नो जीवन ढालून् । प्रत्येक चाहको साथै निर्दिष्ट लक्ष्य अगाडि राख्नु पर्दछ र प्रत्येक लक्ष्यको अगाडि प्रमाणिक अनुभवबाट उद्धत सो लक्ष्य सफल गराउने साधन हुनुपर्दछ । प्राथमिक र माध्यमिक शिक्षालयहरुका शिक्षकहरुको माग र उपाय समानरुपको हुन्छ । अतएव आयोगले प्राथमिक शिक्षालाई प्राधान्यता दिएकाले, तपसिलका सिद्धान्तहरुका निमित्त शिक्षकहरुलाई लक्ष्य गरिएको छ (शर्मा, २०६६) ।

विश्वमा आज शिक्षाको माध्यमबाट विभिन्न प्रकारका विकास निर्माणका कार्य भइरहेका छन् । विश्वका विकासित देशका नागरिकहरूले समयको माग अनुसारको शिक्षकको पहिचान गरी विभिन्न प्रकारका प्राथमिक शिक्षा प्राप्त गरिरहेका छन् । तर शैक्षिक क्षेत्रमा संलग्नता विभिन्न व्यक्तिहरूमध्ये शिक्षकको महत्वपूर्ण स्थान हुन्छ । शिक्षा दिने व्यक्तिलाई शिक्षक अथवा गुरुको संज्ञा दिइन्छ । शिक्षकहरू शिक्षणकार्यको निम्ति एक अभिन्न अंगको रूपमा रहेका हुन्छन् । प्रत्येक शैक्षिक संस्थामा तालिम प्राप्त, योग्य, दक्ष अनुभवी शिक्षकको आवश्यकता पर्दछ । यस्ता शिक्षकले शिक्षाका उद्देश्य सरल, व्यवस्थित र प्रभावकारी ढङ्गले पूरा गर्न महत्वपूर्ण जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्दछन् । शिक्षक शैक्षिक लगानीको एक महत्वपूर्ण अङ्ग हो । गुणस्तरीय शिक्षाको लागि शिक्षक योग्य, तालिम प्राप्त, अनुभवी, नैतिकवान, इमान्दार, सुयोग्य र लगनशील हुनुपर्दछ । कलिला बालबालिकाको भविष्य बोकेर हिड्ने शिक्षकले आफ्नो अधिकारलाई भन्दा कर्तव्य दयार सेवालाई महत्व दिनुपर्दछ । “असल शिक्षकको अभावमा सर्वोतम शिक्षा प्रणली पनि असफल रहन सक्दछ” (Aggrawal, 1995)।

अहिले विश्वमा शिक्षणलाई, शिक्षकको गहन दायित्व, जिम्मेवारी र पेशा मानिन्छ । वर्तमान समयमा शिक्षणका सिद्धान्तहरू शिक्षण विधिहरू, शिक्षकका कर्तव्यहरू, राम्रो शिक्षकका गुणहरू जस्ता शिक्षणलाई पेशागत रूपमा विकसित गर्ने दृष्टिकोणहरू प्रशस्त मात्रामा आइरहेका छन् । यस्तो बदलिदो र विकसित अबस्थामा वा बदलिँदो धारणामा शिक्षक बालकले चाहेको, ज्ञान, सीप, विकसित गर्ने कारकतत्व हो । अर्थात् बालकले चाहेजस्तो ज्ञान र सीप प्रदान गरी जस्तोसुकै सामाजिक वातावरणमा पनि समायोजित गराउन सक्नु शिक्षण हो (Cumming, 2003)। वर्तमान शिक्षण एक पेशाको रूपमा

विकसित भइसकेको छ । शिक्षण पेशा बारेमा चर्चा गर्नु भन्दा पूर्व शिक्षणलाई एक पेशाको रूपमा बुझ्नु आवश्यक छ ।

Aggarwal (1995 A.D) ले शिक्षण पेशाका विशेषताहरू निम्नानुसार उल्लेख गरेका छन् :

- पेशाहरू कार्यगत रूपमा सामाजिक संस्थाहरूसँग सम्बन्धित हुन्छन् – विकसित हुन्छन् र व्यक्ति तथा समाजलाई आवश्यक सेवा प्रदान गर्ने माध्यमका रूपमा कार्यरत हुन्छन ।
- पेशाले सामूहिक रूपमा पेशामा संलग्न व्यक्तिले बैयक्तिक आवश्यकता अनुसार सीप र व्यवहारहरू संयुक्त रूपमा प्रस्तुत समेत गर्दछ ।
- प्रत्यक पेशा, निश्चित क्षेत्र, आवश्यकता वा कार्यसँग सम्बन्धित हुन्छ ।
- शिक्षण पेशा एक वा एकभन्दा बढी तथा विकसित अनुशासनहरूमा आधारित हुन्छ । जसबाट यसले आफ्नै व्यवहारिक ज्ञान र सीपहरू निर्माण गर्दछ ।
- पेशामा भर्नाका लागि र यसको निरन्तरताको लागि पेशाको स्तरीय समताको प्राप्तिलाई स्वीकार गरिन्छ ।
- पेशाले व्यक्तिगत अभ्यासकर्तामा उच्चतहको आत्मविश्वास उत्पन्न गराउँछ । यो पेशाको प्रदर्शन क्षमता, सेवा प्रदान गर्ने र अन्य प्राप्त कुराहरू प्रदान गर्ने कार्यमा आधारित रहेको हुन्छ ।

### १.१.१ दार्शनिक दृष्टिकोणबाट शिक्षक

आदर्शवादी दृष्टिकोण अनुसार शिक्षकको स्थान अत्यन्त महत्वपूर्ण छ । शिक्षक सम्पूर्ण शैक्षिक प्रक्रियाको केन्द्रविन्दु हो । कलिला मस्तिस्कमा बालबालिकाहरुलाई उज्ज्वल एवम् आदर्श नागरिक बनाउने सम्पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ । शिक्षकलाई मानवजीवनमा पूर्णता ल्याउने ईश्वरको सहकर्मीको रुपमा लिइएको पाइन्छ । प्रकृतिवादी दृष्टिकोण अनुसार बालकेन्द्रित शिक्षामा जोड हुनाले शिक्षकको भूमिकालाई बालकको मित्रका रुपमा, प्राकृतिक वातावरण निर्माताका रुपमा ऐच्छिक क्रियाकलापको उत्प्रेरकका रुपमा लिइएको पाइन्छ । प्रयोजनवादी दृष्टिकोण अनुसार शिक्षकलाई सम्पूर्ण शैक्षिक क्रियाकलापको एक कुशल पथप्रदर्शकको रुपमा विद्यार्थीको अन्तर्निहित क्षमता, इच्छा, आकांक्षा, अनुभवको स्तर सिकाई वातावरणको निर्माताका रुपमा लिइएको पाइन्छ । यथार्थवादी दृष्टिकोण अनुसार शिक्षकलाई ज्ञान एवं व्यवहार सिकाउने एउटा कुशल निर्देशकको रुपमा लिइएको पाइन्छ (शर्मा, २०६१) ।

प्रगतिवादी दृष्टिकोण अनुसार शिक्षकलाई सिकारुको मार्गदर्शन, मूल्याङ्कनकर्ता, सामाजिक उत्प्रेरकका रुपमा लिइएको छ । प्रगतिवादले शिक्षकलाई विभिन्न स्वरुपमा राखेको छ । औजारवादको दृष्टिमा शिक्षक एक औजारकर्ताको रुपमा,, मानवतावादको दृष्टिले मानवकर्ताको रुपमा र प्रयोजनवादका दृष्टिले शिक्षक एवं प्रयोगकर्ताका रुपमा लिएको पाइन्छ । अस्तित्ववादी दृष्टिकोण अनुसार शिक्षकलाई सिकारुमा प्रकृति र समाजबाट आइपर्ने बाधाहरुको विपरीत सङ्घर्ष गर्न सक्ने क्षमताको विकास गराउने व्यक्तिको रुपमा लिइएको पाइन्छ (ढकाल र कोइराला, २०६५)

### १.१.२ शिक्षण

शिक्षाको उद्देश्य व्यक्तिको सर्वाङ्गीण विकास गर्नु हो । यसका निम्ति महत्वपूर्ण माध्यम भनेको शिक्षण हो । शिक्षण भनेको सिकाइका लागि उत्प्रेरणा सल्लाह, निर्देशन एवं साहस प्रदान गर्नु हो । शिक्षकले सिकारुलाई वास्तविक, सभ्य र सु–संस्कृत बनाउन विभिन्न प्रकारका ज्ञान, सीप कक्षाकोठाको वातावरणमा सिकाउनुलाई शिक्षण भनिन्छ । तर आज शिक्षणलाई शिक्षकको गहन दायित्व, जिम्मेवारी र पेशागत रुपमा लिइन्छ, जसद्वारा व्यक्तिलाई समाजमा सजिलै जीवन निर्वाह गर्न सक्ने बनाउन सकियोस (शर्मा, २०६१) ।

शर्मा एण्ड शर्मा (२०५८) ले उल्लेख गरे अनुसार बालकको आफ्नो क्षमता, दक्षता, सृजनात्मक विकास गरी उसले चाहे जस्तो सरल तरिकाबाट ज्ञान र सीप प्रदान गर्नु शिक्षकको दायित्व हो । बालकको विकासक्रम अनुसार वौद्धिक अभ्यास गराउनु शिक्षा हो । शिक्षण, बालक र वातावरण बीचको अन्तक्रिया हो ।

### १.१.३ शिक्षण एक पेशाको रूपमा

शिक्षण एक पेशा हो भन्ने कुरा प्रमाणित गर्नका लागि शिक्षण र पेशालाई अलग अलग रूपबाट हेर्नुपर्ने हुन्छ । विश्वमा मानव सम्यता जति पुरानो छ, शिक्षण पनि त्यति नै पुरानो रहेको पाइन्छ । मानिसहरूले मात्रै नभएर जनावरले पनि नयाँ नयाँ वातावरण अनुसार हुर्कन, बढ्न, र बाँच्नका लागि आफ्ना बच्चाहरूलाई विभिन्न कुरा सिकाइ रहेको हामी देख्दछौं । यसरी अनौपचारिक सिकाइहरूबाट नै औपचारिक शिक्षणको सुरुवात भएको हो भन्ने कुरा मान्न सकिन्छ । कक्षा कोठामा शिक्षकले सिकाउनु नै शिक्षण हो । शिक्षकले कक्षाकोठाको वातावरणमा विद्यार्थीलाई विभिन्न प्रकारका ज्ञान, सीप र विभिन्न प्रविधि सिकाउनु शिक्षण हो ।

Chauhan (1983) ले उल्लेख गरे अनुसार सिकाइका लागि प्रेरणा दिनु बाटो देखाउनु, निर्देशन दिनु र हौसला प्रदान गर्नु नै शिक्षण भएको हुँदा, यसलाई एक जटिल मानवीय पेशा भन्न सकिन्छ ।

वर्तमान युगमा शिक्षण एक पेशागत रुपमा विकसित भइसकेको छ । यसले मानिस तर्फ रोजगारीको अवसर समेत प्रदान गरिरहेको छ । पेशा (Profession) र व्यवसाय (Occupation) बीचको अन्तर बुझ्नु आवश्यक छ । यी दुवै पक्षको सम्बन्ध निश्चित कार्य गरेर जीवन निर्वाहको लागि अर्थ उपार्जन हुने भएतापनि यिनीहरुको स्वरुपमा स्पष्ट अन्तर पाइन्छ । व्यवसाय (Occupation) भन्नुको तात्पर्य यस्तो विशिष्ट कार्य हो । जसद्वारा व्यक्तिले आय आर्जन गर्दछ । यसमा निश्चित योग्यता, सीप तथा तालिमको आवश्यकता पर्न वा नपर्न पनि सक्दछ । जस्तै व्यापार व्यवस्था सामान्य श्रममा आधारित अथवा सीपमूलक कार्य दुवै हुन सक्दछ । यसको विपरित पेशा (Profession) एउटा यस्तो विशिष्ट कार्य हो । जसको लागि योग्यता तथा तालिमको आवश्यकता पर्दछ । यो एक सीपमूलक कार्य हो । यी सीपहरु शिक्षा तथा तालिमबाट मात्र प्राप्त गर्न सकिन्छ (ज.ब.रा. र पौडेल : २०६७) ।

Aggrawal (1995) ले उल्लेख गरे अनुसार शिक्षण एउटा यस्तो पेशा हो । जुन बिशिष्ट, बौद्धिक अध्ययन र तालिममा आधारित हुन्छ । यसको उद्देश्य सीपयुक्त सेवा प्रदान गर्नु र निश्चित शुल्क वा वेतनका आधारमा अरुलाई सल्लाह दिनु हुन्छ । एउटा पेशाका लागि नभई नहुने गुणहरूमा बौद्धिक गुण एक हो ।

शिक्षण भनेको मानवीय क्रियाकलापहरुसँगको प्रत्यक्ष अन्तर्क्रिया हो । यो एक जटिल तथा चुनौतिपूर्ण कार्य हो । आजको वदलिदो विश्वमा शिक्षणलाई शिक्षकको जिम्मेवारी पेशा मानिन्छ । शिक्षणलाई लिएर विभिन्न शिक्षाविद् तथा विद्धानहरुले विभिन्न अनुसन्धान एवं अन्वेषण गरेका छन् । जसबाट शिक्षाका सिद्धान्तहरु शिक्षण विधि, शिक्षकका कर्तव्यहरु राम्रो शिक्षणका गुणहरु प्रकासमा आइसकेका छन् । यस्तो वदलिँदो अवस्थामा शिक्षणलाई बालबालिकाले चाहेका ज्ञान, सीप र धारणाको विकास गराउने एउटा कारक मानिन्छ (शर्मा एण्ड शर्मा, २०५३) ।

पेशालाई कार्यगत रूपमा सामाजिक संस्थाहरूसँग सम्बन्धित, विकसित र व्यक्ति तथा समाजलाई आवश्यक सेवा प्रदान गर्ने माध्यमका रूपमा बुझिन्छ । प्रत्येक पेशा निश्चित क्षेत्र आवश्यकता वा कार्यसँग सम्बन्धित हुन्छ ।

### १.१.४ नेपालको सन्दर्भमा शिक्षकको पेशागत विकास

नेपालमा औपचारिक शिक्षाको विकास केही वर्षपछि भए तापनि प्राचीन कालदेखि अनौपचारिक शिक्षा कार्यक्रमको माध्यमबाट शिक्षाको विकास भएको पाइन्छ । आफ्ना अग्रजहरूबाट अनुभवको आधारमा शिक्षा दिने काम गरिन्थ्यो । सन्ततिहरू ज्ञान तथा सीप सम्बन्धी कुराहरू सिक्दथे । गुरु तथा पण्डितहरू शिक्षा दिने व्यक्तिको रूपमा परिचित थिए । प्राचीनकालमा गुरुकुल शिक्षा प्रणाली हिन्दु समाजमा विद्यमान थियो । गुम्बा, मन्दिर, कुटि र गुरु आश्रमहरू शिक्षा लिने र दिने ठाउँ थिए ।

लिच्छवीकालमा शिक्षा राजपरिवारमा सीमित थियो । राज परिवारले गुरुलाई घरमा बोलाई शिक्षा लिने काम गर्दथे । लिच्छविकालमा शिक्षा व्यवस्था गर्न अग्रहार स्थापना गरिएको थियो भने गुठी जग्गाबाट आय आर्जन गरी शिक्षा क्षेत्रमा खर्च गर्ने गरिन्थ्यो (अधिकारी, २०६८) ।

मल्लकालमा शिक्षालाई अनिवार्य रूपमा नलिए तापनि दरबारका प्रमुख कर्मचारीहरू पढ्ने काम गर्दथे । मल्लकालमा शिक्षा दरबार र दरबारका नजिक रहने भाइ भारदारका लागि पहुँचभित्र रहेको तर सर्वसाधारणका लागि छुट्टै शिक्षाको व्यवस्था भने थिएन । मल्लकालमा कलाकौशलका साथै शिक्षाको पनि केही विकास भए तापनि शिक्षा विकासका लागि सङ्गठित र संस्थागत गर्ने प्रयास भने भएको थिएन । विहार, मठ, मन्दिरमा गुठी जग्गाको व्यवस्था गरी त्यसको आम्दानीबाट विहार, मठ, मन्दिरमा धार्मिक शिक्षाको व्यवस्था गर्ने काम यस कालमा भएको थियो (अधिकारी, २०६८) ।

वि.सं. १९०३ मा नेपालमा एकतन्त्रीय जहाँनिया राणा शासनको सुरुवातपछि सैनिक क्षेत्रमा नगन्य विकास भएको थियो । जङ्गबहादुर राणा वेलायतबाट फर्केपछि वि. स. १९१० आश्विन २७ गते आफ्नो दरवार थापाथलीको दासचोक (भुइँतला) मा अङ्ग्रेजी प्रारम्भिक स्कुल स्थापना गरे । भ्रमणबाट फर्कदा नै व्यवस्था गरिएका दुईजना अङ्ग्रेजमध्ये Mr. Ross लाई विद्यालय सञ्चालन र सुपरिवेक्षणको र Mr. Canning लाई प्रधानाध्यापक जिम्मा दिए । सरकारी स्तरबाट खुलेको देशको पहिलो र औपचारिक विद्यालय यसैलाई मानिन्छ (शर्मा, २०४३) ।

राणाकालका शैक्षिक व्यवस्थापनमा तथा सुधार गर्न १९५७ मा प्रधानमन्त्री देवशमशेर नियुक्त भई नेपालको राष्ट्रिय पुनर्जागरणका इतिहासमा अगुवा मानिएका मोतीराम भट्ट र जयपृथ्वीबहादुर सिंहजस्ता महान् प्रतिभाहरुको सम्पर्कमा आएका र अपेक्षाकृत उदार शासक मानिएका राणा प्रधानमन्त्री देवशमशेरका पालामा भाषा पाठशालाको स्थापना गरी मुलुकका विभिन्न भागमा प्राथमिक शिक्षा दिने परिपाटीको थालनी गरिएको थियो (अधिकारी, २०६८) ।

वि.स. २००३ सालमा माहात्मा गान्धीले प्रचलनमा ल्याएको आधार शिक्षा (Basic education) सम्बन्धी तालिम लिन १२ जनालाई पटना पठाए । वि.स. २००४ साल जेठमा आधार स्कुलमा पढाउने शिक्षक तयार गर्न काठमाण्डौंको ताहाचलमा पहिलो शिक्षक प्रशिक्षण केन्द्र स्थापना भयो । २००४ साल आश्विन १६ गते अधिराज्यको विभिन्न स्थानमा १४ वटा आधार स्कुल स्वीकृत गरियो । यही क्रममा वि.स. २००४ साल कार्तिक ७ गते दरवार स्कुलको प्राङ्गणमा आधार स्कुल उद्घाटन गरियो (शर्मा, २०४३) ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ को गठन पश्चात् यस समितिबाट शिक्षक सेवा सम्बन्धित सुझावहरू निम्नानुसार पेश गरिए ।

- शिक्षण पेशामा अनिवार्य तालिम हुनुपर्ने ।

- शिक्षण वृत्ति आन्दोलन चलाउनु पर्ने ।
- तालिम प्राप्तलाई मात्र शिक्षकलाई नियुक्त गर्नुपर्ने ।
- युवाहरूलाई शिक्षण पेशामा प्रोत्साहित गर्नुपर्ने ।
- वि. एड. वा एक वर्षे वि. एड कार्यक्रम संञ्चालन गरी मा. वि. शिक्षकलाई वि. एड. अनिवार्य गर्ने ।
- सेवाकालीन तालिम प्रदान गर्नुपर्ने आदि ।

प्रजातन्त्रको पुनर्वहालीपछि शिक्षा ऐन (सातौं संशोधन) २०५८ ले अध्यापन गर्न योग्यता पुगेका शिक्षकले अध्यापन अनुपति पत्र लिनुपर्ने र शिक्षा सेवा आयोगले त्यसको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख छ । शिक्षा नियमावली पहिलो संसोधन २०५९ ले शिक्षकको नियुक्ति, सरुवा, बढुवा, परीक्षणकाल, तलबभत्ता, अवकाश, पुरस्कार, पदोन्नती, विदाहरू, आचारसंहिता तथा सजाय सम्बन्धी व्यवस्था ऐन तथा नियमावलीमा स्पष्ट व्याख्या गरेको छ । यसका साथै नियमावलीले माध्यमिक तथा निम्न माध्यमिक तहमा पेशागत रूपमा सक्षम शिक्षक बनाउने र प्रधानाध्यापकको दक्षताको विकास गराउने कार्यमा सहयोग पुऱ्याउनको लागि अधिराज्य भर २५ वटा माध्यमिक शिक्षा विकास केन्द्रको स्थापना गरेको छ (शिक्षा नियमावली, २०५९) ।

कुनै पनि पेशामा दक्षता हासिल गर्ने उद्देश्यमूलक विषयवस्तुको ज्ञान हुनुपर्दछ । त्यसैले शिक्षण पेशामा पनि दक्षता वृद्धि गर्ने हो भने आफ्नो विषयवस्तुमा गुणात्मक वृद्धि गर्न आवश्यक हुन्छ । जबसम्म शिक्षकहरूलाई पेशागत रूपमा दक्ष बनाइँदैन तबसम्म पठन पाठन क्रियाकलाप प्रभावकारी बनाउन सकिँदैन र गुणात्मक शिक्षा प्रदान गर्ने काम अपुरो अधुरो हुन सक्दछ । अहिले वैज्ञानिक युगमा दिनानुदिन नयाँ नयाँ ज्ञानको विष्फोट भइरहेको छ । हरेक दिन नयाँ नयाँ कुराहरूको आविष्कार भइरहेको छ । यस अवस्थामा आफूले आर्जन गरेका कुनै पनि विषयवस्तुको ज्ञान पुरानो भइसकेको हुन्छ । ती ज्ञानहरूलाई स्थायी रूपदिने हो भने समय समयमा पुनरतार्जगीकरण गराईरहेको हुनुपर्दछ । विभिन्न विद्यालयहरूमा नयाँ नयाँ ज्ञान सीप र धारणाहरूमा सबै पक्षको नवीनतम जानकारी हुन आवश्यक हुन्छ ।

पेशामा आ–आफ्नै स्वरूप र प्रकृतिका हुन्छन् तर जुनसुकै प्रकृतिका र स्वभावमा पेशाहरू भएपनि उक्त पेशामा सफलतापूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नका लागि पेशागत निपुणता ज्ञान, सीप र अभिवृद्धिको आवश्यक पर्दछ । यसले गर्दा पेशामा संलग्न व्यक्ति समय परिवर्तनका समसामयिक कुरालाई ख्याल राखी शिक्षकहरूले नयाँ कौशल नयाँ कुरा र पद्धतिका आधारमा कक्षा शिक्षण प्रभावकारी ढङ्गले गर्न सकोस् भनी उसमा शिक्षण सीपको दक्षता अभिवृद्धि हुन नितान्त आवश्यक हुन्छ । जसका लागि शिक्षणले आवश्यक पर्ने तालिम, गोष्ठी, सेमिनार लिनुपर्ने कुरा आवश्यक रहेको छ ।

यसरी के भन्न सकिन्छ भने नेपालको सन्दर्भमा पनि शिक्षण एक मर्यादित र सम्मानित पेशाको रूपमा स्थापित भइरहेको छ । तर वर्तमान परिप्रेक्ष्यमा शिक्षण पेशालाई दोश्रो दर्जाको रूपमा हेर्ने प्रवृति पनि पाइन्छ । वास्तवमा के शिक्षण पेशा वैकल्पिक पेशा हो त ? यो एक टड्कारो प्रश्नको रूपमा आएको छ । कुनै पनि व्यक्ति शिक्षण पेशाको सट्टामा अर्को पेशा सजिलै अंगाल्न पुग्दछ के यो वास्तविकता हो ? वास्तवमा के शैक्षणिक अवस्थाप्रति शिक्षकको धारणा सकारात्मक छैन त ? के शिक्षण गर्ने शिक्षकहरू आफ्नो पेशामा सन्तुष्टि छैनन् त ? यस अवस्थालाई मध्यनजर राखी शिक्षण पेशा शिक्षकहरूको धारणा कस्तो छ ? र त्यस पेशाप्रति तिनीहरू सन्तुष्ट छन् की छैनन् ? भन्ने कुरालाई अध्ययनको केन्द्रबिन्दु मानी यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

नेपालमा शैक्षिक विकास तथा सुधारका लागि विगतदेखि विभिन्न प्रयासहरू हुँदै आएका छन् । बदलिदो समयको आवश्यकता पूरा गर्न शिक्षाको उद्देश्य, नीति, संरचना तथा कार्यक्रम आदिमा समयानुकूल परिवर्तन गरिएका छन् । तर शैक्षिक गुणस्तर भन्ने अपेक्षाकृत वृद्घि भएको छैन । त्यसैगरी शिक्षकको पेशागत दक्षता, पेशामा सन्तुष्टि अभिवृद्धिका लागि राज्यले विभिन्न प्रयासहरू गर्दै आएको छ । जस्तै सम्पूर्ण शिक्षकहरू तालिम प्राप्त हुनुपर्ने प्राथमिक तहमा अध्यापन गराउने शिक्षकको न्यूनतम योग्यता प्रविणता प्रमाण तह अथवा कक्षा १२ पास हुनुपर्ने व्यवस्था गरिए तापनि पेशागत दक्षताको विकास भने भएको देखिदैन । शिक्षण पेशालाई जिम्मेवारी र महत्वपूर्ण पेशाको रूपमा लिइन्छ । जसले लाखौं बालबालिकाहरूले भविष्य निर्माण साथै राष्ट्रका कर्णधार बनाउने र शैक्षिक जनशक्ति निर्माण गर्ने कार्य गर्दछ । शिक्षक एक शिक्षण पेशामा संलग्न व्यक्ति हो, जो व्यक्तिगत, सामाजिक र शैक्षणिक गुणले युक्त हुनुपर्दछ । असल शिक्षक राष्ट्रको लागि असल मार्गदर्शक बन्न सक्दछ । शिक्षण एक चुनौती पेशा हो विद्यार्थीलाई मार्गदर्शन गर्ने पढाउने र सफल भविष्य तर्फ डोऱ्याउने शिक्षक व्यक्तिगत, सामाजिक, नैतिक र शैक्षणिक गुणले पूर्ण हुनुपर्दछ ।

हाम्रो देशमा शिक्षक पेशामा सहभागी हुने व्यक्तिहरु राजनैतिक पहुँच आन्दोलन, नातावाद आदिको माध्यमबाट छनौट हुने प्रक्रिया दिन प्रतिदिन बढ्दै गइरहेको छ । जसले गर्दा दक्ष तथा विषयवस्तुप्रति ज्ञान, सीप, र धारणा भएका जनशक्तिहरु छनौट हुन सकेको छैन ।

नेपालको वर्तमान परिवेशलाई आंकलन गर्दा शिक्षकले एक संरक्षणकर्ताका रूपमा कुशल शिक्षणकर्ताका रूपमा समुदायको सचेत नेताहरूको रूपमा प्रजातान्त्रिक मूल्यको बाहकका रूपमा बालकको लागि प्रेरकका रूपमा विकास कार्यको सहयोगीका रूपमा आदि जस्ता महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । शिक्षण पेशामा संलग्न शिक्षक आफ्नो जिम्मेबारी, कर्तव्य, पारिश्रमिक प्रगति र सामाजिक प्रतिष्ठामा सन्तुष्ट छन् वा छैनन् भन्ने प्रश्न एकातिर टड्कारो छ भने अर्कोतिर शैक्षिक

वातावरण शैक्षिक सामग्री, शिक्षणविधि र मूल्याङ्कन साथै "शिक्षण पेशाप्रति शिक्षकको धारणा" शीर्षक चयन गरी यसप्रतिको स्थिति अन्तर्गत निम्न अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्न कोशिस गरिएको थियो ।

(i) शिक्षकहरु के तालिम प्राप्त छन् ?

(ii) शिक्षकहरुको शिक्षणप्रति कस्तो धारणा छ ?

(iii) शिक्षकहरुको अध्यापन गर्ने विषयप्रति कस्तो धारणा छ ?

(iv) शिक्षकहरुले शिक्षण गर्दा कस्ता विधिहरुको बढी प्रयोग गर्छन् ?

(v) शिक्षण अभ्यासका क्रममा शिक्षण सामग्री प्रयोगको अवस्था कस्तो छ ?

(vi) शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थी मूल्याङ्कन कसरी गर्दछन् ?

माथिका विविध प्रश्नहरूमा आधारित भई अध्ययनकर्ताले आफ्नो अध्ययन क्षेत्रमा केन्द्रित भई कार्य गरिएको थियो ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्यहरु निम्न रहेका थिए :

(i) शिक्षण पेशाप्रति शिक्षकहरुको सन्तुष्टि पत्ता लगाउने ।

(ii) शिक्षण पेशाका समस्याहरू पहिचान गर्ने ।

(iii) शिक्षण पेशामा शिक्षकहरुलाई सन्तुष्ट बनाउने उपाय पत्ता लगाउने ।

## १.४ अध्ययनको औचित्य

शिक्षण पेशालाई महत्वपूर्ण र जिम्मेवार मूलक पेशाका रूपमा लिइन्छ । हरेक अनुसन्धान कुनै अर्थपूर्ण समस्या समाधान गर्न नयाँ नयाँ तथ्य, ज्ञान, वा सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगिताको दृष्टिकोणबाट गरिएको हुन्छ । यो अध्ययन पनि शिक्षकको शिक्षण पेशागत धारणा र सन्तुष्टि के कस्तो रहेको भनि गरिने छ । शिक्षण सिकाइका दृष्टिले हेर्दा शिक्षक ज्ञानका सृष्टिकर्ता हुन् । शिक्षणको मुख्य उद्देश्य सिकाइको संज्ञानात्मक संरचनामा वा संसारलाई हेर्ने र अगाडि बढाउने दृष्टिकोणमा परिवर्तन ल्याउनु हो (शर्मा एण्ड शर्मा, २०५३) । शिक्षण सिकाइ प्रक्रिया पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण पद्धतिका साथै विद्यार्थीलाई सक्रिय तुल्याउने कार्य शिक्षकको नै हुन्छ । शिक्षण पेशा अपनाउने हरेक शिक्षकहरूमा पनि पेशागत दक्षता हुनु आवश्यक छ । किनकि दक्ष शिक्षकले मात्र प्रभावकारी शिक्षण गर्न सक्छ ।

शिक्षण पेशामा एकातिर शिक्षकहरूका समस्याहरू विद्यमान छँदै छन् भने अर्कोतिर शैक्षिक गुणस्तर उकास्नुपर्ने टड्कारो आवश्यकता छ । शिक्षण पेशा असल र मर्यादित पेशा हो । व्यक्तिको

धारणा र विचारमात्र फरक हुन्छ । शिक्षण पेशालाई लिङ्ग, उमेर, योग्यता, तालिम, अनुभव, विषय साथै वातावरणले प्रभाव पारे तापनि वास्तवमा पेशाप्रति कर्तव्यनिष्ट व्यक्ति आफ्नो पेशाप्रति सधैँ जिम्मेवार र लगनशील हुन्छ । शिक्षकहरूको शिक्षणप्रतिको धारणा कस्तो छ ? उनीहरू आफ्नो पेशाप्रति कत्तिको सन्तुष्ट छन् र उनीहरूको पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्वहरू के के हुन सक्दछन् ? भन्ने कुरामा यो अध्ययन केन्द्रित रही उल्लेखित प्रश्नहरूको उत्तर खोज्ने भएको हुनाले यस अनुसन्धानको आफ्नै किसिमको औचित्य रहने छ । विशेष गरी यस अध्ययनबाट निम्नानुसारको अपेक्षाहरू राखिएको थियो :–

(i) यस अध्ययनले पेशागत विकासमा असर पुऱ्याउने तत्वहरूको पहिचान गरी तिनीहरूको निराकरण गर्नका निम्ति सहयोग पुऱ्याउने छ ।

(ii) शिक्षण पेशाको विकासमा आवश्यक तत्वहरू पहिचान गर्न मद्दत पुऱ्याउने छ ।

(iii) शिक्षकको पेशागत विकासको लागि शैक्षिक क्षेत्रमा संलग्न व्यक्ति, शिक्षक, प्रधानाध्यपक तथा शैक्षिक नीति निर्मातालाई कार्यक्रम बनाउन तथा कार्यान्वयन गर्न मद्दत पुऱ्याउने छ ।

यस अध्ययनबाट प्रभावित लाभान्वित जनसंख्या भनेको शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन, निरिक्षक र प्रधानाध्यापक हुन् । त्यसैगरी नीति निर्माणकर्ता, पाठ्यक्रम निर्माण गर्ने निकाय, शिक्षकलाई तालिम प्रदान गर्न संघ संस्थाले यस अध्ययनबाट ठूलो लाभ लिन सक्नेछन् । यस अध्ययनबाट शिक्षकको पेशागत धारणा र सन्तुष्टि स्थिति हेरिसकेको हुँदा शिक्षकको अनुगमन, निरिक्षण गर्न प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई शिक्षकको मूल्याङ्कन गर्न सजिलो पर्नेछ । शिक्षक स्वयम्ले पनि आफ्ना सवल र दुर्वल पक्षको पहिचान गरी दुर्वलता पक्षहरु सुधार गर्न सहयोग पुऱ्याउने छ । शिक्षक पेशामा लागेका र लाग्नका लागि आत्मविश्वास बढाउन र पेशा मर्यादित, स्वस्थ, जिम्मेवारीपूर्ण बनाउन सहयोग पुऱ्याउने भएकोले मैले शिक्षण पेशाप्रति शिक्षकको धारणा र सन्तुष्टि भन्ने शिक्षकको छनौट गरी अध्ययन गर्न औचित्य ठानेको छु । शिक्षकको पेशागत धारणा सन्तुष्टि बारेमा अध्ययन गर्न चाहने जो कोही संघसंस्थालाई यो अध्ययन सहयोग सावित रहने छ ।

### १.५ अध्ययनको परिसीमा

अध्ययनको विषयवस्तु र क्षेत्र व्यापक र विस्तृत भए तापनि सीमित स्रोत, समय र अध्ययन सम्बन्धी जटिलतालाई मध्यनजर राखी अध्ययन पूरा हुने गरी अध्ययनको सीमाहरू निम्नानुसार निर्धारण गरिएको थियो ।

(i) यो अध्ययनलाई दङ्ग जिल्लाको गा.वि.स. अन्तर्गतका सामुदायिक विद्यालय कक्षा १–१० सम्म संचालन भएका माध्यमिक विद्यालयमा सीमित गरिएको थियो ।

(ii) यो अध्ययन शिक्षकको शिक्षण पेशाप्रति धारणामा मात्र आधारित थियो । धारणा (शैक्षिक वातावरण, पाठ्यक्रम, तथा पाठ्यपुस्तक शैक्षिक सामग्री, परीक्षा, मूल्याङ्कन, जिम्मेवारी, कर्तव्य, पारिश्रमिक, सामाजिक प्रतिष्ठाका बारेमा शिक्षकहरुको धारणा सङ्कलन गरिएको थियो ।

(iii) यो अध्ययन शिक्षकहरूको योग्यता, दक्षता, पेशाप्रति समर्पणको अवस्था पत्ता लगाउनमा केन्द्रित थियो ।

(iv) यो अध्ययन दाङ्ग जिल्ला क्षेत्र नं. ५ को सामुदायिक विद्यालयहरू भएका १५ मध्ये ५ वटा माध्यमिक विद्यालयमा मात्र केन्द्रित थियो ।

# परिच्छेद दुई
# पूर्व साहित्यको समीक्षा

अध्ययन अनुसन्धानलाई सफलताप्रदान गर्न र बाटो देखाउनमा सान्दर्भिक पूर्व साहित्य वा शोधहरूको अध्ययन र समीक्षा गर्नु अध्ययनको एउटा महत्वपूर्ण पक्ष हो । अनुसन्धानकर्ताले कुनै पनि विषयवस्तुसँग सम्बन्धित भएर जुन अध्ययन गर्न चाहेको छ । सो समस्याको आधारशिला, त्यसको सैद्धान्तिक आधार, संरचना र त्यस विषयमा भएका पूर्व सिद्धान्तहरूको समीक्षा एक महत्वपूर्ण कार्य हो । यथार्थमा भन्नुपर्दा सन्दर्भ सामग्रीको समीक्षाले अध्ययन कर्तालाई आफ्नो अध्ययन विषय सम्बन्धी समस्यालाई बढी सार्थक यथार्थ र खोज योग्य बनाउन आवश्यक जानकारी प्रदान गर्दछ ।

शिक्षण भनेको मानवीय क्रियाकलापहरुसँगको प्रत्यक्ष अन्तर्क्रिया हो । यो एक जटिल तथा चुनौतिपूर्ण कार्य हो । आजको वदलिँदो विश्वमा शिक्षणलाई शिक्षकको जिम्मेवारी पेशा भनिन्छ । शिक्षणलाई शिक्षकको जिम्मेवारी पेशा मानिन्छ । शिक्षणलाई लिएर शिक्षविद् तथा विद्धानहरुले विभिन्न अनुसन्धान एवं अन्वेषण गरेका छन् । जसबाट शिक्षाका गुणहरु प्रकाशमा आइसकेका छन् । यस्तो वदलिँदो अवस्थामा शिक्षणलाई बालबालिकाले चाहेका ज्ञान, सीप र धारणाको विकास गराउने एउटा कारक मानिन्छ । जसबाट उनीहरु समाजमा एक अर्कासँग मिलेर बस्न सक्दछन् । ज्ञान, सीप र धारणाको विकास गराई जस्तो सुकै जटिल परिस्थिति र सामाजिक वातावरणमा पनि उनीहरु समायोजित गाराउन सक्नु शिक्षण हो (शर्मा एन्ड शर्मा २०५३) ।

हाम्रो जस्तो विकासोन्मुख मुलुकका गाउँघरमा विभिन्न सांस्कृतिक पृष्ठभूमि भएका बालबालिकाहरुलाई अध्ययन तिर मोड्न विद्यालयका शिक्षकहरुमा धैर्य, दक्षता, सहिष्णुता, परिश्रम, बालबालिकाको उज्ज्वल भविष्यप्रति चिन्ता इत्यादी गुण हुनाका साथै उनीहरुको सर्वसोन्मुखी विकासमा सहयोगीको रुपमा तथा समुदायको नेताको रुपमा आफ्नो भूमिका निष्ठापूर्वक निर्वाह गर्न सक्ने कुशलता हुनुपर्दछ (हाडा, २०५५) ।

शिक्षण पेशामा शिक्षकहरूको धारणा एवम् सन्तुष्टि पहिचान नेपाली शिक्षकहरूको सन्दर्भमा एउटा नयाँ अवधारणा हो । शैक्षिक क्रियाकलापमा शिक्षकहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वर्तमान परिप्रेक्ष्यमा प्रभावकारी शिक्षण कार्य एक महत्वपूर्ण आवश्यकता हो । यसको अध्ययन र क्षेत्र व्यापक छ । कुनै पनि विषयवस्तुमा समावेश गरिएका कुरा र पूर्व अनुसन्धानकर्ताहरू खोजी गरेका विषयवस्तु र संलग्न साहित्यलाई समीक्षा भनिन्छ । पूर्व साहित्यहरूको समीक्षाले विषयवस्तुको प्रस्तुतीकरण र समस्या समाधानको लागि सही मार्ग दर्शन गर्दछ । शिक्षण पेशाप्रति शिक्षकहरूको धारणा एवम् सन्तुष्टि पहिचान गर्न अध्ययन र सङ्कलन गरिएका सान्दर्भिक विषयवस्तुहरूलाई प्रस्तुत गरिएको छ ।

## २.१ शीर्षकसँग सम्बन्धित लेखरचनाहरु

श्रेष्ठ (२०६२) का अनुसार सुयोग्य नै वास्तविक शिक्षाको मार्गदर्शक हो । निर्धारण गरिएको पाठ्यक्रम पुरा गरिदिने र विद्यार्थीहरूलाई कक्षा उकालिदिने मात्रै हैन शिक्षाको सर्वाङ्गीण विकासका विषयमा जिम्मेबार बहन गर्ने पनि हो र त्यसै गरी विद्यार्थीहरूको मनोवैज्ञानिक अध्ययन गर्ने कमजोरी विद्यार्थीको अभिभावकसँग छलफल गरी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने र समुदायको विकासमा सहयोगी भई काम गर्नेसँग हो र जतिसुकै राम्रो शैक्षिक कार्यक्रम ल्याए पनि शिक्षकले आफ्नो कर्तव्य इमान्दारिता साथ पूरा नगर्दासम्म लक्षित उपलब्धि प्राप्त हुँदैन । त्यसैले शिक्षकले निम्न पक्षमा ध्यान दिनुपर्दछ :

- नियमित रूपमा पाठ्यक्रमको उद्देश्य अनुरूप आफूले जानेका ज्ञान, सीप सरल ढङ्गले बालबालिबालाई सिकाउनुपर्दछ ।
- बालमनोविज्ञान पढेर सोही अनुरूप पढाउनु पर्दछ ।
- बालमैत्री व्यवहार गर्नुपर्दछ । नजानेका कुरा सिक्ने, तालिम लिने र तालिमबाट सिकेका विधि र प्रविधि अनुरूप पढाउनुपर्दछ ।
- आफ्नो बोली व्यवहार एवम् आचरण अनुकरण योग्य विद्यार्थी अभिभावक एवम् विद्यालय व्यवस्थापन पक्षबीच पुलको काम गर्नुपर्दछ ।

वास्तवमा भन्ने हो भने शिक्षासँग प्रत्यक्ष सम्बन्ध रहेको र शिक्षालाई साध्यसम्म पुऱ्याउन शिक्षाको सवाहकको रूपमा शिक्षकले खेल्ने भूमिका महत्वपूर्ण रहन्छ । कार्यक्रम तथा शिक्षण सिकाइ क्रियाकलाप सुधार ल्याउन शिक्षकवर्गले आफ्नो मन वचन र कर्मले जुट्नु पर्दछ । त्यसपछि मात्र यो व्यक्ति आफ्नो पेशामा दक्ष मानिन्छ ।

श्रेष्ठ (२०६५) का अनुसार शिक्षण सिकाइमा शिक्षकको भूमिका महत्वपूर्ण हुने भएकाले शिक्षक पेशागत रूपमा दक्ष हुनुपर्दछ । शिक्षकको दक्षतालाई विश्वको बदलिदो सन्दर्भमा जनशक्ति उत्पादन गर्नु, गरिबी निवारण, सामाजिक रूपान्तरण, नैतिक चरित्रजस्ता गुणको विकास गरी समाजमा हुने द्वन्द्व हिंसाको निराकरण, स्वास्थ्य तथा सामाजिक सचेतनाको विकास गर्ने लैङ्गिक विभेद कम गराउने, मानव अधिकार तथा बालअधिकारको संरक्षण गर्ने बाहकका रूपमा लिइएको छ । त्यसैले हरेक शिक्षकहरू पेशागत रूपमा दक्ष हुनुपर्दछ । त्यसैगरी सहस्राब्दी विकास लक्ष्य र शिक्षाको अनिवार्य प्राथमिक सर्वोपरी शिक्षा सन् २००१ को लक्ष्य पूरा गर्ने प्रमुख पात्रका रूपमा शिक्षकलाई प्रस्तुत गरिएको छ । यसको लागि शिक्षकको भूमिका समुदाय देखि राष्ट्रिय तहसम्म जनशक्ति आपूर्ति गर्ने कार्य सँग जोडिएको छ ।

शर्मा (वि.सं. २०५७) ले शिक्षण र शिक्षण पेशा आलेखमा वर्तमान समयमा शिक्षामा प्रशस्त लगानी भएको छ तर लगानी जनतासम्म पुग्न सकेको छैन भन्ने कुरा उल्लेख गरेका छन् । शिक्षकले तलब पाएका छन् तर विद्यार्थीहरूले गुणस्तरीय शिक्षा पाएका छैनन् । शिक्षामा राजनैतिकरण व्यापक छ । स्नातक भएको व्यक्ति आफ्नो दक्षताअनुसार लगनशील भएर आफ्नो पेशाप्रति जिम्मेबार वन्नु पर्दछ । परीक्षा प्रणालीमा सुधार गर्नुपर्दछ । विद्यालयको सङ्ख्यात्मक वृद्धि नगरी तालिम प्रदान गरेर गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरू तयार हुनुपर्दछ । शिक्षण पेशामा तालिम अनिवार्य हुनुपर्दछ । शिक्षकहरूलाई प्रयाप्त सुविधा प्रदान गरेर उपयुक्त जिम्मेवारी दिइनु पर्दछ  भनि उल्लेख गरिएको छ ।

अधिकारी (२०६५) का अनुसार शिक्षण सिकाइका दृष्टिले हेर्दा शिक्षक ज्ञानका सृष्टिकर्ता हुन् । शिक्षकको मुख्य उद्देश्य सिकाइको संज्ञानात्मक संरचनामा वा संसारलाई हेर्न अगाडी बढाउने दृष्टिकोणमा परिवर्तन ल्याउनु हो । शिक्षण सिकाइ प्रक्रियामा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण पद्धतिका साथै विद्यार्थीलाई सक्रिय तुल्याउनु पर्दछ । सिक्ने वातावरण सृजना गरी सिकाइने विषयवस्तु सिक्ने तहसम्म पुऱ्याई सरलीकृत गर्न शिक्षकको दायित्व हो । ज्ञानको सृष्टि गर्नको लागि शिक्षकले शिक्षण सिकाइ प्रक्रियालाई क्रियात्मक अनुसन्धानको प्रक्रिया बनाउनु सक्नुपर्दछ । यसरी हेर्दा शिक्षण सिकाइको प्रमुख नेतृत्वदायी भूमिका शिक्षकले खेल्नुपर्दछ ।

भूसाल (२०६२) ले शिक्षकलाई शिक्षा प्रणाली कै एक मेरुदण्डको रूपमा राखेका छन् । जसमा शिक्षकलाई आदर्शव्यक्ति, ब्रह्मा, विष्णु, र महेश्वर जस्ता सम्मान जनक व्यक्तिहरूको रूपमा व्यक्त गर्न खोजेका छन् । जसमा शिक्षकले पनि आफ्नो दायित्व र कर्तव्यबाट यी सम्मान जनक शब्दबाट टाढा हुँदै गएको वताएका छन् । शिक्षा क्षेत्रको जस वा अपजसहरूको पहिलो भागिदार शिक्षकवर्ग नै हो । किनभने शिक्षा प्रणालीको केन्द्रमा शिक्षक नै रहेको हुन्छ । शिक्षकमा निम्न गुणहरू हुनु नितान्त आवश्यक हुने कुरा औल्याएका छन् र वैयक्तिक आकृति, आशावादिता, संयम उत्साह, सूक्ष्म चिन्तन र सहानुभूति जीवन शक्ति, नेतृत्व क्षमता, राम्रो आवाज, विनोदप्रियता र विद्यार्थीप्रति मैत्रीपूर्ण दृष्टिकोण हुनुपर्दछ ।

## २.२ अनुसन्धान सम्बन्धी साहित्य

चन्द (वि.सं. २०५६) को अध्ययन शिक्षण पेशामा शिक्षकको धारणा सन्दर्भमा निम्न कुराहरू उल्लेख पाए :

- शिक्षकहरू शिक्षण पेशालाई असल पेशा मान्दछन् ।
- महिलाभन्दा पुरुष शिक्षकहरू पेशाप्रति बढी विखण्डित छन् ।
- तालिम प्राप्त शिक्षक भन्दा तालिम अप्राप्त शिक्षकहरू पेशाप्रति कम सन्तुष्टि छन् ।
- वि. एड. र एक वर्षे बि.एड. शैक्षिक योग्यता प्राप्त शिक्षकहरू शिक्षण पेशाप्रति बढी सकारात्मक धारणा राख्दछन् ।

- निजी विद्यालयमा कार्यरत शिक्षकहरू पेशाप्रति बढी विश्वास र सकारात्मक धारणा राख्दछन् ।

प्रधान (२०६४) शिक्षक पेशागत रूपमा दक्ष हुनुको लागि नभई नहुने गुण बालमनोविज्ञानको ज्ञान हो । बालमनोविज्ञानको ज्ञानले बालबालिकाहरूका विकासात्मक अवस्था बुझ्न बालबालिकाहरूका बीचमा सकारात्मक प्रवृत्तिको विकास गराउन शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियामा देखापर्ने समस्या समाधान मार्ग निर्देशन गर्नु शिक्षकको पेशागत विकासमा सूचना प्रदान गर्दै सक्षम बनाउने प्रयास गर्न बालबालिकाहरूका आवश्यकताहरू र समस्याहरू पहिचान गर्न बालबालिकाहरू बीचमा व्यक्तिगत भिन्नताहरू पत्ता लगाउन सहयोग पुऱ्याउनुका साथै शिक्षाका उद्देश्यहरू निर्माण गर्न उद्देश्यपूर्तिका क्रियाकलाप, शैक्षिक मूल्याङ्कनमा पाठ्यक्रम पाठ्यपुस्तक, विद्यार्थी शिक्षण पद्धति शिक्षण विधि जस्ता क्षेत्रमा देखापरेका समस्या समाधान गर्न सहयोग पुऱ्याउँछ । यसले व्यक्तिगत विविधता प्रत्यक्षीकरण, प्रेरणा, पुनर्बल, दण्ड, पुरस्कार, स्मरण जस्ता पक्षको अध्ययन गर्दछ । त्यसैले प्रत्येक शिक्षकमा बालविज्ञानको ज्ञान हुनु नितान्त आवश्यक हुन्छ ।

## २.३ दस्तावेज सम्बन्धी साहित्य

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भएपछि शिक्षा क्षेत्रमा उल्लेखनीय सुधार र व्यवस्था भएको थियो । यस योजनाले शिक्षकको पेशागत हकहितको स्पष्ट व्यवस्था गरेको छ । जिल्लास्तरमा शिक्षक सेवा आयोग गठन गरी शिक्षकको नियुक्ति, सरुवा, बढुवाको व्यवस्था गरिएको छ । शिक्षकको तलब निश्चित समयमा जिल्ला शिक्षा कोषबाट उपलब्ध गराउने, अन्य क्षेत्रका कर्मचारीहरू सरह शिक्षकहरूलाई पनि तलव स्केल प्रदान गर्ने, दुर्गम क्षेत्रमा काम गर्ने शिक्षकहरूलाई अतिरिक्त भत्ताको व्यवस्था गर्ने, शिक्षहरूलाई तालिम दिने, पेन्सन, उपचार खर्च, निवृतिभरण, सञ्चयकोष जस्ता सुविधा र मान सम्मान गर्ने व्यवस्था शिक्षा ऐन २०२८ ले गरेको छ (रा.शि.प.यो. २०२८) ।

प्रजातन्त्रको पुनःस्थापना पश्चात वि.सं. २०४९ मा बनेको शिक्षा आयोग २०४९ शिक्षणमा उल्लेखनीय सुधार गर्ने नियम बनाएको छ । नियमावलीमा शिक्षक छनोट तथा शिक्षकको तह र वृद्धि विकासमा समेत सुधारको मार्ग तय गरेको छ । शिक्षकको नियुक्ति, सरुवा, निवृत्तिभरण, बिदा, कार्य विवरण, आचारसंहिता, पुरस्कार तथा दक्ष र तलब सुविधाको स्पष्ट व्यवस्था गरेको छ । अन्य पेशासँग समानता कायम गरी शिक्षणमा पेशामा पनि गरेको छ । जसको परिणाम स्वरूप शिक्षण पेशामा आकर्षण बढेको छ । पूर्व प्राथमिक विद्यालयमा महिला शिक्षिकाको व्यवस्था गर्ने, मातृभाषा जानेको व्यक्तिलाई पूर्व प्राथमिक विद्यालय, प्राथमिक विद्यालय तहको शिक्षण पेशामा संलग्न गराउने र प्राथमिक तहको शिक्षकको लागि +२ उतीर्ण गरेको शैक्षिक योग्यता निर्धारण गर्ने । विद्यार्थी सङ्ख्या र विषयगत आधारमा

शिक्षकको नियुक्ति गर्ने, तालिम अप्राप्तलाई स्थायी शिक्षक नबनाउने अध्यापन अनुमति पत्र अनिवार्य गर्ने शिक्षकको बढुवा गर्न तथा शिक्षण पेशामा नियुक्ति दिँदा तालिम प्राप्तलाई पहिलो प्राथमिकता दिने, शिक्षक सेवा आयोगको गठन गरी शिक्षकको नियुक्ति तथा बढुवा गर्ने जिम्मेवारी दिनुपर्दछ भनी प्रतिवेदन उल्लेख गरेको छ (शर्मा, २०६६) ।


माथिका विभिन्न अध्ययनबाट शिक्षकको पेशागत दक्षता सम्बन्धी विभिन्न धारणाहरू रहेको पाइए पनि सारमा एउटै किसिमको धारणा पाइयो । यसै गरी विभिन्न अनुसन्धानबाट शिक्षकको पेशागत दक्षताको अवस्थासम्बन्धी अध्ययन गर्ने क्रममा शिक्षकको तालिम योग्यता र अनुभवजस्ता विषयहरूलाई मात्रै जोड दिइएको पाइयो तर शिक्षकको वास्तविक क्षमता प्रदर्शन गर्न ठाउँ कक्षा कोठामा शिक्षकको भूमिकाको वारेमा त्यति धेरै जोड दिइएको पाइएन ।

| **लेखक, साल** | **शीर्षक** | **खोजिएका पक्ष** | **अध्ययन गरिएका पक्ष** | **अध्ययन नगरिएका पक्ष** |
|---|---|---|---|---|
| भूसाल २०६४ | शिक्षा प्रणालीमा शिक्षक एक चर्चा | पेशाप्रतिको मर्यादा | शिक्षकको आचरण, व्यवहार | शिक्षक पेशागत समस्या र सुविधा |
| श्रेष्ठ २०६२ | शिक्षामा शिक्षकको भूमिका | दक्ष नागरिक उत्पादन गर्ने | शिक्षामा शिक्षक भूमिका | योग्यता र क्षमता |
| श्रेष्ठ २०६५ | शिक्षक पेशागत दक्षता | शिक्षकको दक्षता | असल जनशक्ति उत्पादन | सेवा र सुविधा |
| अधिकारी २०६५ | शिक्षक छनौट प्रक्रिया र गुणस्तरको | शिक्षकको पेशाप्रतिको दृष्टिकोण | शैक्षिक वातावरण | शैक्षिक कार्यान्वयन |
| चन्द्र २०५६ | शिक्षणपेशामा शिक्षकको धारणा | पेशाप्रतिको धारणा | पेशागत वर्गीकरण | शिक्षकको गुण आचरण |
| शर्मा २०५७ | शिक्षण र शिक्षणपेशा | शैक्षिक लगानी उपलब्धी | शिक्षामा राजनैतिक | सरोकारवाला पक्ष भूमिका अध्ययन |
| प्रधान २०६४ | शिक्षक पेशागत विकास | शिक्षक बाल मनोवैज्ञानिक ज्ञान | बालबालिकाको व्यवहार र आचरण | शिक्षक सेवा, सुविधा, कर्तव्य |

विभिन्न लेख, रचना, अध्ययन, अनुसन्धान, दस्तावेजबाट यी विषयवस्तु खोज अनुसन्धान गरिएको थियो । तर यी अनुसन्धान शिक्षण पेशाप्रति शिक्षण धारणा अन्तर्गत शैक्षिक वातावरण, पाठ्यक्रम, शैक्षिक सामग्री, परीक्षा र मूल्याङ्कन सामाजिक प्रतिष्ठा, कर्तव्य, सेवा सुविधामा मात्र केन्द्रित छ । यस अनुसन्धानमा अनुसन्धानकर्ताले शिक्षकको शिक्षण पेशाप्रति धारणा र सन्तुष्टिको अवस्था पत्ता लगाउन शैक्षिक योग्यता, अनुभव तालिमको साथै शिक्षकको पेशागत दक्षताको अवस्था र शिक्षण पेशा प्रतिको शिक्षकको धारणा सन्तुष्टिको अध्ययन गरिएको थियो ।

### २.४ अवधारणात्मक ढाँचा

यो अध्ययन शिक्षकहरूको शिक्षणप्रतिको धारणा एवम् पेशागत सन्तुष्टिको अध्ययन गर्ने उद्देश्यले सञ्चालन गरिएको थियो । यस अधययनले अवलम्बन गरेको सैद्धान्तिक संरचनातर्फ निम्नानुसार चार्टहरूद्वरा प्रस्तुत गर्न सकिन्छ ।




स्रोत : अर्याल, अधिकारी र लुइटेल (२०६६) ।

शिक्षण पेशाप्रति शिक्षकको धारणा बुझ्न ७ वटा पक्षहरूलाई समावेश गरिएको थियो । जसमा शैक्षिक वातावरण, शैक्षिक सामग्री पाठ्यक्रम तथा पाठ्यपुस्तक, परीक्षा र मूल्याङ्कन, सामाजिक प्रतिष्ठा, कर्तव्य र सेवा सुविधा रहेका थिए । शैक्षिक वातावरण अन्तर्गत विद्यालयमा पर्याप्त तथा उपयुक्त भौतिक साधन, विद्यालय र समुदायबीच अन्तर सम्बन्ध, विद्यालय प्रतिको चासो तथा रेखदेख, विद्यालय प्रशासन, शिक्षक अभिभावक तथा विद्यार्थीहरू बीचको सहकार्यता, विद्यालयमा महिला शिक्षिकाको सहभगिता र समयामयिक राजनीतिक परिवेश हेरिएको थियो । शैक्षिक सामग्री निर्माण तथा प्रयोग, पाठ र विधि सुहाउँदो शैक्षिक सामग्रीको, सामाजिक प्रतिष्ठा, कर्तव्य र सेवा सुविधा रहेका थिए । शैक्षिक वातावरण अन्तर्गत विद्यालयमा पर्याप्त तथा उपयुक्त भौतिक साधन, विद्यालय र समुदाय बीच अन्तर सम्बन्ध, विद्यालयप्रतिको चासो तथा रेखदेख, विद्यालय प्रशासन, शिक्षक अभिभावक तथा विद्यार्थीहरू बीचको सहकार्यता, विद्यालयमा महिला शिक्षिकाको सहभागिता र समसामयिक राजनीतिक परिवेश हेरिएको थियो । शैक्षिक सामग्री निर्माण तथा प्रयोग, पाठ र विधि सुहाउँदो शैक्षिक सामग्रीको छनोट र शैक्षिक सामग्रीको प्रभावकारितालाई हेरिएको थियो । पाठ्यक्रम र पाठ्यपुस्तक अन्तर्गत पाठ्यक्रम, पाठ्यपुस्तक तथा निर्देशिकाको उपलब्धता, व्यवस्था र स्तरीयता अनुसारको पाठ्यपुस्तक लेखन विद्यार्थीको स्तर, रुचि र क्षमता अनुरूप र पाठ र अभ्यासहरूको प्रस्तुतीकरण जस्ता पक्षहरूलाई हेरिएको थियो । परीक्षा र मूल्याङ्कन अन्तर्गत विद्यालय स्तरमा संचालित परीक्षा प्रणाली र वर्तमानमा

विद्यार्थीहरूको मूल्याङ्कन परिपाटीको अधययन गरिएको थियो । सामाजिक प्रतिष्ठा अन्तर्गत पेशाप्रतिको सामाजिक दृष्टिकोण, मानसम्मान, स्तर र आदर सत्कारजस्ता पक्षहरूको अध्ययन गरिएको थियो । कर्तव्य अन्तर्गत पेशाप्रतिको कार्यभार, विद्यार्थीको सिकाइ उपलब्धिमा आफ्नो भूमिका र विद्यालय तथा समुदाय प्रतिको दायित्व जस्ता पक्षहरूलाई अध्ययन गरी सूचना सङ्कलन गरिएको थियो । सेवा र सुविधा अन्तर्गत योग्यता अनुसारको पारिश्रमिक, तलब र तलबमानमा वार्षिक वृद्धि, निवृतिभरण, पेन्सन र भत्ता तथा सुविधा जस्ता पक्षहरूको अध्ययन गरिएको थियो ।

# अध्याय – तीन
# अध्ययन विधि

अध्ययन अनुसन्धान कार्यलाई सहज तरिकाले सुसम्पन्न गर्नका लागि निश्चित तरिका वा उपायहरूको माध्यमबाट गर्ने गरिन्छ । अधययन कार्य सम्पन्न गर्नको लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त हुने गरी विभिन्न तौरतरिका वा उपायहरूको अवलम्बन गर्नुपर्ने हुन्छ, जसलाई विधि भनिन्छ । यो अध्ययन कार्यलाई उद्देश्यमूलक रूपमा सम्पन्न गर्नको लागि निम्नलिखित अध्ययन विधि अवलम्बन गरिएको थियो ।

## ३.१ अध्ययनको ढाँचा

यो अध्ययन क्षेत्रगत मत सर्वेक्षण विधिमा आधारित रहेको छ । अध्ययनको उद्देश्य पूरा गर्न तथ्याङ्कहरूलाई वर्णनात्मक तरिकाले विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको थियो । साथै प्राप्त तथ्याङ्क वा सूचनाहरूलाई परिमाणात्मक रूपबाट नै विश्लेषण गरिएको थियो ।

## ३.२ सूचनाका स्रोतहरू

यस अध्ययनको लागि प्राप्त तथ्याङ्कहरू प्राथमिक र सहायक प्रकारका स्रोतहरूबाट सङ्कलन गरिएको थियो ।

### ३.२.१ प्राथमिक स्रोत

कुनै पनि सूचना वा तथ्याङ्कलाई अनुसन्धानकर्ता आफै अनुसन्धान क्षेत्रमा उपस्थित हुने र विभिन्न क्रियाकलापहरूमा सहभागी हुँदै अध्ययन र विश्लेषणका आधारमा सङ्कलन गरिएका सूचना वा तथ्याङ्कको स्रोत नै प्राथमिक स्रोत हो (Best and Kahn, 2008 : 91) । यस अध्ययनका लागि शिक्षकको व्यक्तिगत विवरण फाराम, लिकर्ट स्केल विधि, अन्तर्वार्ता र कक्षा अवलोकन फारामको प्रयोग लक्षित समूह छलफल विधिको प्रयोग गरी प्राथमिक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.२.२ सहायक स्रोत

अध्ययन सम्बन्धी पूर्व साहित्य वा सोधहरूको अध्ययन र समीक्षाबाट प्राप्त पुस्तकालय, पत्र पत्रिका बाट प्राप्त सूचनाहरूलाई सहायक स्रोतको रूपमा सङ्कलन गरी अध्ययनलाई उद्देश्यमूलक बनाइएको छ ।

### ३.३ जनसङ्ख्या र नमूना छनोट

यस अध्ययनको लागि उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा दाङ्ग जिल्ला अन्तर्गत पर्ने गाउँ विकास समितिहरू पवननगर, शान्तिनगर, बाघमारे, पुरन्धारा, पञ्चकुले, धनौरी, श्रीगाउँ, हेकुली, गोल्टाकुरीलाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको थियो । यी गाउँ विकास समितिहरु जिल्ला सदरमुकाम देखि धेरै टाढा र भौगोलिक दृष्टिकोणले विकट भएकाले यी गाउँ विकास समितिका अन्तर्गत पर्ने माध्यामिक विद्यालयहरु छनौट गरिएको हो । त्यसैगरी यी गाउँ विकास समितिमा सञ्चालित १५ वटा सामुदायिक विद्यालयहरू मध्ये ५ वटा विद्यालयलाई १ देखि १५ सम्म सूचीकरण गरी संयोगिक प्रक्रियाबाट नमुना छनोट गरिएको थियो भन्ने उल्लेखित ५ वटा विद्यालयहरूबाट शिक्षक छनोट निम्न किसिमबाट गरिएको थियो ।

#### ३.३.१ विद्यालय छनोट

विद्यालय छनोटका लागि दाङ्ग जिल्लाभित्र रहेका नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी जम्मा १५ वटा माध्यमिक विद्यालयहरूलाई १ देखि १५ सम्म सूचिकरण गरी जिल्ला शिक्षा कार्यालय दाङ्गबाट प्राप्त विद्यालयहरूको तालिका अनुसार संयोगिक प्रक्रियाको आधारमा बेजोड र जोड अङ्क ३, ६, ९, १२, १५ नम्बरमा ५ वटा विद्यालयहरूलाई लिइएको थियो । (परिशिष्ट–१)

#### ३.३.२ प्रधानाध्यापकको छनोट

माध्यमिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूको सन्तुष्टिमा प्रभाव पार्ने तत्वहरूको निर्क्यौल गर्न र तिनीहरूको पेशागत विकासमा प्रधानाध्यापकले गर्न सक्ने सहयोगका तरिकाहरू पहिल्याउन छनोटमा परेका ५ वटै विद्यालयका प्रधानाध्यापकहरूलाई छनोट गरिएको थियो र तिनीहरूबाट असंरचित अन्तर्वाता लिई सूचना सङ्कलन गरिएको थियो । (परिशिष्ट २)

#### ३.३.३ शिक्षक छनोट

अध्ययन छनोटमा परेका ५ वटा सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने शिक्षकहरू मध्ये प्राथमिक विद्यालय तहमा अध्यापन गराउने एक महिला एक पुरुष निम्न माध्यमिक तहमा अध्यापन गराउने एक महिला एक पुरुष माध्यमिक तहमा अध्यापन गराउने एक महिला र एक पुरुषलाई छनोट गरिएको थियो र तिनीहरू बीच प्रश्नावली वितरण गरी प्रारम्भिक तथ्याङ्क सङ्कलन गरिएको थियो । तर कतिपय विद्यालयमा महिला शिक्षक एकजना मात्र भएको अवस्थामा उनीहरुलाई स्वतः छनोट गरिएको थियो । (परिशिष्ट ३)

## ३.४ साधनको निर्माण र प्रयोग

यस अध्ययनका लागि निम्न अनुसारको साधनहरूको निर्माण र प्रयोग गरिएको थियो ।

### ३.४.१ मत सर्वेक्षण

शिक्षण पेशाप्रति शिक्षकहरूको धारणा एवम् पेशागत सन्तुष्टि पहिचान गर्नको लागि व्यक्तिगत अभिमत स्केल प्रयोग गरिएको थियो । मत सङ्कलन वा तथ्याङ्क सङ्कलनको लागि Likert को पाँच बुँदे धारणा स्केल प्रयोग गरिएको थियो र सोधिएका भनाइ वा प्रश्नहरूमा आफ्नो मत/विचार राख्न छनोटमा परेका शिक्षकहरूलाई ५ वटा अवसरहरू दिइएको थियो । जुन पूर्ण सहमत, सहमत, अनिश्चित, असहमत र पूर्ण असहमत रूपमा रहेका थिए साथै शैक्षणिक अवस्थाप्रति शिक्षकको धारणा एवम् शिक्षण पेशामा सन्तुष्टि पहिचान गर्न ७ वटा पक्षहरू समावेश गरिएका थिए । शैक्षणिक अवस्थाप्रति शिक्षकको धारणा र शिक्षण पेशामा शिक्षकको सन्तुष्टि पहिचान गर्न छनोटमा परेका शिक्षकहरूलाई ७ वटा पक्षहरू अन्तर्गत जम्मा ७२ वटा भनाइ वा प्रश्नहरू सोधेर प्राप्त सूचनाहरू सङ्कलन विश्लेषण गरी अध्ययनलाई उद्देश्यमूलक बनाइएको थियो ।

### ३.४.२ प्रधानाध्यापकसँग अन्तर्वार्ता

सामुदायिक माध्यमिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूको पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्वहरूको बारेमा जानकारी लिन र तिनीहरूको पेशागत विकासमा प्रधानाध्यापकले गर्न सक्ने सहयोगका तरिकाहरू पहिल्याउन प्रधानाध्यापकहरूसँग व्यक्तिगत असंरचित अन्तर्वार्ता लिइएको थियो ।

## ३.५ साधनको वैधता निर्धारण

निर्माण गरिएको साधनको वैधता हुनुपर्ने हुन्छ । प्रश्नावलीको निर्माण गरिसकेपछि विषय विशेषज्ञ र सहपाठी साथीहरू बीच आपसी छलफलबाट प्रश्नावली पुनः निर्माण गरियो । पुन निर्माण गरिएको प्रश्नावलीलाई शोध निर्देशकको सल्लाह र सुझाव आपसी छलफल बमोजिम प्रश्नावलीलाई अन्तिम रूप दिइएको थियो । अन्तमा छनोट गरिएको प्रश्नावलीको पूर्व परीक्षण गरी वैधता कायम गरिएको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण

यस अध्ययन कार्यमा प्राप्त तथ्याङ्कहरूलाई सरल गणितीय विधिहरूको प्रयोग गरी वर्णनात्मक प्रक्रियाबाट व्याख्या तथा विश्लेषण गरिएको छ । अर्थात् शिक्षकहरूवाट प्राप्त व्यक्तिगत अभिमतलाई गणना गरी बारम्बारता तालिकीकरण पश्चात् प्रतिशतमा रूपान्तरण गरी प्राप्त प्रतिशतलाई आवश्यकता अनुसार सरल स्तम्भ चित्रमा देखाइएको छ । सोधिएका प्रश्नहरू सकारात्मक र नकारात्मक दुवै पक्षमा रहेका थिए । प्रत्येक सकारात्मक मत आउने भनाइलाई पूर्ण सहमत देखि पूर्ण असहमतसम्म क्रमश ५ देखि १ अङ्कसम्म दिइएको थियो ।

शैक्षणिक अवस्थाप्रति शिक्षकहरूको धारणा एवम् पेशामा सन्तुष्टि पहिचान गर्न समावेश गरिने प्रत्येक पक्ष वा विषयहरूमा जम्मा ७२ वटा प्रश्नहरू सोधिएका थिए । तत्पश्चात प्राप्त प्रतिक्रियाबाट प्राप्त भएको कुल अङ्क न्यूनतम देखि अधिकतम सम्म प्रश्न सङ्ख्या ×१ र प्रश्न सङ्ख्या ×५ राखिएको थियो । छनोटमा परेका शिक्षकको शिक्षण पेशाप्रति धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी तयार गरिएको थियो । यो विधि अनुसार सकारात्मक र नकारातमक वाक्यहरुमा शिक्षकहरुलाई पूर्ण सहमत, सहमत, अनिश्चित, असहमत र पूर्ण असहमतमा प्रतिक्रिया गर्न लगाएर सकारात्मक वाक्य भएमा पूर्ण सहमतदेखि पूर्ण असहमतम्म क्रमशः ५, ४, ३, २ र १ अंक साथै नकारात्मक वाक्य भएमा पूर्ण सहमतदेखि पूर्ण असहमतसम्म क्रमशः १, २, ३, ४ र ५ अंक प्रदान गरियो ।

अध्ययन छनोटमा परेका शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया अनुसार कुल प्राप्ताङ्कको ० देखि २० प्रतिशत अङ्क ल्याउनेलाई पूर्ण असहमत, २१ देखि ४० ल्याउनेलाई असहमत, ४१ देखि ६० प्रतिशत ल्याउनेलाई अनिश्चित, ६१ देखि ८० ल्याउनेलाई सहमत र ८१ देखि १०० प्रतिशत ल्याउनेलाई पूर्ण सहमत मानी तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ ।

त्यसैगरी शिक्षकहरूको पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्न तथा प्रधानाध्यापकबाट हुन सक्ने सहयोग बारेमा, सूचना सङ्कलन गर्न, छनोटमा परेका प्रधानाध्यापकज्यूहरू लगायत मुख्य सूचनादाताहरूसँग भेट गरी व्यक्तिगत असंरचित अन्तर्वाता लिइएको थियो र दुवै साधनहरूबाट प्राप्त प्रतिक्रियाहरूलाई वर्णनात्मक एवम् विवरणात्मक प्रतिक्रियाबाट विश्लेषण गरी सारांश, निष्कर्ष र आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय – चार

# विश्लेषण तथा व्याख्या

शैक्षणिक अवस्थाप्रति शिक्षकहरूको धारणा एवम् पेशामा सन्तुष्टि पहिचान गर्न समावेश गरिने प्रत्येक पक्ष वा विषयहरूमा जम्मा ७२ वटा प्रश्नहरू सोधिएका थिए । तत्पश्चात् प्राप्त प्रतिक्रियाबाट प्राप्त भएको कुल अङ्क न्यूनतम देखि अधिकतम सम्म प्रश्न सङ्ख्या × १ र प्रश्न सङ्ख्या × ५ राखिएको थियो । छनोटमा परेका शिक्षकको शिक्षण पेशाप्रति धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी तयार गरिएको थियो । यो विधि अनुसार सकारात्मक र नकारातमक वाक्यहरुमा शिक्षकहरुलाई पूर्ण सहमत, सहमत, अनिश्चित, असहमत र पूर्ण असहमतमा प्रतिक्रिया गर्न लगाएर सकारात्मक वाक्य भएमा पूर्ण सहमतदेखि पूर्ण असहमतम्म क्रमशः ५, ४, ३, २ र १ अंक साथै नकारात्मक वाक्य भएमा पूर्ण सहमतदेखि पूर्ण असहमतसम्म क्रमशः १, २, ३, ४ र ५ अंक प्रदान गरियो । अध्ययन छनोटमा परेका शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया अनुसार कुल प्राप्ताङ्कको ० देखि २० प्रतिशत अङ्क ल्याउनेलाई पूर्ण असहमत, २१ देखि ४० प्रतिशत ल्याउनेलाई असहमत, ४१ देखि ६० प्रतिशत ल्याउनेलाई अनिश्चित, ६० देखि ८० प्रतिशत ल्याउनेलाई सहमत र ८१ देखि १०० प्रतिशत ल्याउनेलाई पूर्ण सहमत मानी तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ ।

त्यसैगरी शिक्षकहरूको पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्न तथा प्रधानाध्यापकबाट हुन सक्ने सहयोग बारेमा सूचना सङ्कलन गर्न छनोटमा परेका प्रधानाध्यापकज्यूहरू लगातार मुख्य सूचनादाताहरूसँग भेट गरी व्यक्तिगत असंरचित अन्तर्वाता लिइएको थियो र दुबै साधनहरूबाट प्राप्त प्रतिक्रियाहरूलाई वर्णनात्मक एवम् विवरणात्मक प्रक्रियाबाट विश्लेषण गरी प्राप्ति, निष्कर्ष र आवश्यक सुझवहरू प्रस्तुत गरिएको छ ।

## ४.१ शैक्षणिक अवस्थाप्रति शिक्षकको धारणा

सामुदायिक माध्यमिक विद्यालय अध्यापन गर्ने शिक्षकहरूको शिक्षणप्रतिको धारणा पहिचान गर्न शिक्षकप्रतिको धारणासँग सम्बन्धित विभिन्न क्षेत्र र विषयवस्तु मध्ये मुख्य ७ वटा विषयवस्तुमा केन्द्रित रही शिक्षकहरूको शिक्षणप्रतिको धारणा पहिचान गरिएको थियो । निर्धारण गरिएका विषयवस्तुहरू निम्नानुसार थिए ।

- शैक्षिक वातावरण
- पाठ्यक्रम तथा पाठ्यपुस्तक
- शैक्षिक सामग्री
- परीक्षा तथा मूल्याङ्कन

- सामाजिक प्रतिष्ठा
- कर्तव्य
- सेवा सुविधा

निर्धारण गरिएका विषयवस्तुमा धारणा पहिचान गर्न मत सर्वेक्षण साधनको प्रयोग गरिएको थियो । उपरोक्त ७ वटै पक्षमा जम्मा ७२ वटा बन्द प्रश्नावली निर्माण गरी ३० जना सहभागी शिक्षकहरूको मत सङ्कलन गरिएको थियो । प्रत्येक पक्षका प्रश्नावलीहरूमा सकारात्मक तथा नकारात्मक प्रश्नहरू समावेश थिए । मत सर्वेक्षणमा शिक्षकहरूले आफ्नो धारणा, पूर्णसहमत, सहमत, अनिश्चित, असहमत र पूर्ण असहमत कोठामा ठीक (M चिन्ह लगाई व्यक्त गरेका थिए । प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्न लिकर्टको पाँच बुँदे स्केलमा नै प्रयोग गरिएको थियो ।

### ४.१.१ शैक्षिक वातावरण प्रति शिक्षकको धारणा

छनोटमा परेका शिक्षकको शिक्षण पेशाप्रति धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी तयार गरिएको थियो । यो विधि अनुसार सकारात्मक र नकारातमक वाक्यहरुमा शिक्षकहरुलाई पूर्ण सहमत, सहमत, अनिश्चित, असहमत र पूर्ण असहमतमा प्रतिक्रिया गर्न लगाएर सकारात्मक वाक्य भएमा पूर्ण सहमतदेखि पूर्ण असहमतम्म क्रमशः ५, ४, ३, २ र १ अंक साथै नकारात्मक वाक्य भएमा पूर्ण सहमतदेखि पूर्ण असहमतसम्म क्रमशः १, २, ३, ४ र ५ अंक प्रदान गरियो । अध्ययन छनोटमा परेका शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया अनुसार कुल प्राप्ताङ्कको ० देखि २० प्रतिशत अङ्क ल्याउनेलाई पूर्ण असहमत, २१ देखि ४० प्रतिशत ल्याउनेलाई असहमत, ४१ देखि ६० प्रतिशत ल्याउनेलाई अनिश्चित, ६० देखि ८० प्रतिशत ल्याउनेलाई सहमत र ८१ देखि १०० प्रतिशत ल्याउनेलाई पूर्ण सहमत मानी तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ । वर्तमान परिप्रेक्ष्यमा यस क्षेत्रमा अध्यापनरत शिक्षकलाई शैक्षिक वातावरण अनुकुल भए नभएको प्रशासनको हस्तक्षेप शिक्षण सिकाइ क्रियाकलापको शैक्षिक वातावरणसम्बन्धी सोधिएका प्रश्नावलीबाट प्राप्त अङ्कलाई गणना गरी बारम्बारता तालिका देखाइएको छ ।

**तालिका नं. ४.१**

**शैक्षिक वातावरणप्रति शिक्षकको धारणा**

| धारणाको स्तर | बारम्बारता | प्रतिशत |
|---|---|---|
| पूर्ण असहमत | ० | ०.०० |
| असहमत | २ | ६.६७ |
| अनिश्चित | ७ | २३.३३ |
| सहमत | ११ | ३६.६७ |
| पूर्ण सहमत | १० | ३३.३३ |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार ६.६७ प्रतिशत शिक्षकहरूले अध्यापन क्षेत्रमा वर्तमान अवस्थाको शैक्षिक वातावरण अनुकुल नभएको भनी नकारात्मक धारणा राखेको पाइयो । वर्तमान अवस्थाको शैक्षिक वातावरणको पक्षमा २३.३३ प्रतिशत शिक्षक शिक्षिकाहरू अनिश्चित धारणा राखेको पाइयो भने ३६.६७ प्रतिशत शिक्षक शिक्षिकाहरूको सहमत र ३३.३३ प्रतिशत शिक्षिकाहरू पूर्ण सहमत गरी जम्मा ७० प्रतिशत शिक्षकहरू शैक्षिक वातावरण शिक्षा लिन र दिन उपयुक्त भएको भनि सकारात्मक धारणा राखेको पाइयो ।

### ४.१.२ पाठ्यक्रम तथा पाठ्यपुस्तक

पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू सम्बन्धी क्षेत्रमा उपलब्धता, व्यवस्था र प्रभावकारिताका पक्षमा शिक्षकहरूको धारणा पहिचान गर्न विभिन्न प्रश्नावलीहरू सोधिएका थिए । जसमा पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक लेखन विद्यार्थीको रुचि, स्तर र क्षमता अनुरूप भए नभएको पाठ र अभ्यासहरूको प्रस्तुतीकरण र पाठ्यक्रम पाठ्यपुस्तक तथा निर्देशिकाको उपलब्धता व्यवस्था आदि जस्ता पक्षहरूलाई मध्यनजर राखि सोधिएका प्रश्नावलीहरूबाट प्राप्त मत अनुरूप गणना गरी बारम्बारता वितरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**पाठ्यक्रम तथा पाठ्यपुस्तकप्रति शिक्षकको धारणा**

| धारणाको स्तर | बारम्बारता | प्रतिशत |
|---|---|---|
| पूर्ण असहमत | ० | ० |
| असहमत | २ | ६.६७ |
| अनिश्चित | ७ | २३.३३ |
| सहमत | १२ | ४० |
| पूर्ण सहमत | ९ | ३० |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार ६.६७ प्रतिशत शिक्षकहरूले शिक्षिकाहरूले विद्यालयमा लागू पाठ्यक्रम समयसापेक्ष नभएको विद्यार्थीको रुचि र क्षमता अनुरूप विषयवस्तु नराखिएको, पर्याप्त निर्देशिका तथा पाठ्यपुस्तक समयमा उपलब्ध नभएको भनि नकारात्मक धारणा राखेका छन् । भने २३.३३ प्रतिशत शिक्षकहरू तथा शिक्षिकहरू यस पक्षमा अनिश्चित रहेका छन् । सहमत ४० प्रतिशत र

पूर्ण सहमत ३० प्रतिशत गरी जम्मा ६० प्रतिशत शिक्षकहरू तथा शिक्षिकाहरू विद्यालय तहमा संचालित वा लागू भएको पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको पक्षमा सकारात्मक रहेका पाठ्यक्रमको परिवर्तन समयसापेक्ष भएको र पाठ्यपुस्तकमा अभ्यास र पाठहरू भएको विद्यार्थीको क्षमता रुचि र स्तर अनुरूप भएको पक्षमा सकारात्मक धारणा रहेको पाइयो ।

### ४.१.३ शैक्षिक सामग्री

शैक्षिक सामग्रीको निर्माण, प्रयोग तथा प्रभावकारिताको पक्षमा शिक्षकहरूको धारणा पहिचान गरिएको थियो । अध्यापन शिक्षकहरूलाई शैक्षिक सामग्री निर्माण तथा प्रयोग, पाठ र विधि सुहाउँदो, शैक्षिक सामग्रीको छनोट र शैक्षिक सामग्रीको प्रभावकारिताका पक्षमा प्रश्नावलीमार्फत शिक्षकहरूबाट प्राप्त मत अनुसारको अकंलाई गणना गरी बारम्बारता वितरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३**

**शैक्षिक सामग्री प्रति शिक्षकको धारणा**

| धारणाको स्तर | बारम्बारता | प्रतिशत |
|---|---|---|
| पूर्ण असहमत | ० | ०.०० |
| असहमत | ० | ०.०० |
| अनिश्चित | ५ | १६.६७ |
| सहमत | १९ | ६३.३३ |
| पूर्ण सहमत | ६ | २० |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार १६.६७ प्रतिशत शिक्षकहरूले शैक्षिक सामग्रीको शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता सम्बन्धमा अनिश्चित मत राखेको पाइयो । त्यसैगरी शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग, प्रभावकारी शिक्षण क्रियाकलापमा स्थानीय र पाठ तथा विधि अनुसारको सामग्री प्रयोग गरी शिक्षण गर्नुपर्ने पक्षमा ६३.३३ प्रतिशत सहमत र २० प्रतिशत पूर्ण सहमत गरी जम्मा ८३.३३ प्रतिशत शिक्षकहरूको धारणा सकारात्मक रहेको पाइयो । छनोट गरिएको अध्ययन क्षेत्रमा कार्यरत शिक्षकहरूले शैक्षिक सामग्रीको प्रयोग, व्यवस्था तथा सिकाइमा प्रभावकारिताको पक्षमा उच्च सकारात्मक धारणा राखेको पाइयो । शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुने, शिक्षकलाई शिक्षण कार्यमा आत्मविश्वास बढाउने, स्थानीय र कम मूल्यको शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने र पाठ र विधि अनुरूप शैक्षिक सामग्री छनोट गर्नुपर्नेमा शिक्षकहरूको धारणा सकारात्मक रहेको पाइयो ।

### ४.१.४ परीक्षा तथा मूल्याङ्कन

परीक्षा र मूल्याङ्कनको प्रक्रिया र व्यवस्था कस्तो किसिमको परिपाटी छ, त्यस क्षेत्रमा परीक्षा मूल्याङ्कनलाई कसरी लिने गरिएको छ र यसले शैक्षणिक क्रियाकलापमा कस्तो प्रभाव पारेको छ ? भनी शिक्षकहरूको धारणा लिन खोजिएको थियो । मूल्याङ्कन सुधारात्मक हुन्छ । विद्यालय स्तरमा सुधारात्मक मूल्याङ्कन निरन्तर रूपमा गर्नुपर्दछ । विद्यालय स्तरमा मूल्याङ्कनमा विभिन्न साधनको प्रयोग हुन्छ, हुँदैन । विद्यालय स्तरीय मूल्याङ्कन वार्षिक परीक्षामा आधारित छ भनी सोधिएको प्रश्नावलीबाट प्राप्त मतलाई गणना गरी बारम्बारता तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका नं. ४.४**

**परीक्षा तथा मूल्याङ्कन प्रति शिक्षकको धारणा**

| धारणाको स्तर | बारम्बारता | प्रतिशत |
|---|---|---|
| पूर्ण असहमत | ० | ० |
| असहमत | १ | ३.३३ |
| अनिश्चित | ५ | १६.६७ |
| सहमत | ११ | ३६.६७ |
| पूर्ण सहमत | १३ | ४३.३३ |
| जम्मा | ३० | १०० |

माथिको तालिका ३.३३ प्रतिशत शिक्षकहरूले विद्यालय स्तरमा सञ्चालन हुने परीक्षा प्रणाली तथा मूल्याङ्कन परिपाटीप्रति नकारात्मक धारणा रहेको छ भने १६.६६ प्रतिशत शिक्षक शिक्षिकाहरूले परीक्षा तथा मूल्याङ्कन व्यवस्था सञ्चालन र परिपाटिमा अनिश्चित धारणा प्रस्तुत गरेका छन् । भने ३६.६७ प्रतिशत सहमत र ४३.३३ प्रतिशत शिक्षक शिक्षिकाहरू पूर्ण सहमत गरी जम्मा ८० प्रतिशत शिक्षकहरूको परीक्षा प्रणाली र मूल्याङ्कन परिपाटीमा सकारात्मक धारणा व्यक्त गरेको पाइयो । त्यस क्षेत्रमा अध्यापनरत शिक्षकहरूले मूल्याङ्कन गर्न परीक्षा बाहेक अन्य साधनहरूलाई पनि प्रयोग र सञ्चालनमा ल्याउनुपर्ने, मूल्याङ्कन वार्षिक परीक्षामा मात्र आधारित नभई निरन्तर रूपमा गरिनुपर्ने र मूल्याङ्कन सुधारात्मक हुनुपर्नेमा सकारात्मक धारणा राखेको पाइयो ।

### ४.१.५ सामाजिक प्रतिष्ठा

प्रतिष्ठा भन्नाले मान सम्मान भन्ने बुझिन्छ । सामाजिक प्रतिष्ठा भन्नाले समाजमा व्यक्तिले पाउने मान सम्मान, इज्जत र स्थान भन्ने बुझिन्छ । विद्यालय समाजको चेतना फैलाउने एक अंग हो,

भने शिक्षकहरू समाजका सचेत वर्ग र सेवाहरू हुन् । शिक्षकको पेशाप्रति समाजको दृष्टिकोण कस्तो छ शिक्षकप्रति समाज सकारात्मक छ वा नकारात्मक छ, शिक्षण पेशाबाट शिक्षकले समाजका कस्तो अनुभूति गरिरहेका छन्, शिक्षक भएकोमा आफू सामाजिक दृष्टिकोणबाट सन्तुष्ट छन् वा छैनन् भनी अध्ययन क्षेत्रमा कार्यरत शिक्षकहरूको व्यवस्था अध्ययन गर्न खोजिएको थियो । शिक्षक समाजको अगुवा, अनुसरणकर्ता र सचेत नागरिक हुन् । शिक्षक आफू शिक्षण पेशामा संलग्न भएकोमा गर्व गर्दछन् या गर्दैनन् । समाजमा प्रशंशनीय, शिक्षकको अभाव छ ? आफ्ना छोराछोरीहरूलाई भविष्यमा शिक्षण पेशामा संलग्न गराउन सहमत/असहमत के कुरा राख्दछन् ? आदि प्रश्नावलीकोआधारमा शिक्षकहरूबाट प्राप्त मत धारणालाई गणना गरी पेशाबाट सन्तुष्टि पहिचान गर्न खोजिएको थियो । उनीहरूको प्राप्त अङ्कलाई जोडी बारम्बारता वितरण तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका नं. ४.५**

**सामाजिक प्रतिष्ठाप्रति शिक्षकको धारणा**

| धारणाको स्तर | बारम्बारता | प्रतिशत |
|---|---|---|
| पूर्ण असहमत | ० | ० |
| असहमत | ४ | १३.३३ |
| अनिश्चित | ७ | २३.३४ |
| सहमत | १३ | ४४.३३ |
| पूर्ण सहमत | ६ | २० |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार १३.३३ प्रतिशत शिक्षकहरूले शिक्षण पेशाप्रतिको सामाजिक दृष्टिकोण नकारात्मक रहेको छ भन्ने धारणा व्यक्त गरेको पाइयो भने २३.३४ प्रतिशत शिक्षकहरू शिक्षिकाहरू अनिश्चितता व्यक्त गरेको पाइयो । शिक्षण पेशा राम्रो हो बालबालिकाहरूको भविश्य निर्माणकर्ता शिक्षक हुन् । शिक्षक समाजको अगुवा, आदर्श, नागरिक र अनुसरणकर्ता हुन् भनी समाजले राम्रो दृष्टिकोणले हेर्ने गर्दछन् । आफू पनि शिक्षक भएकोमा गर्व छ भनी ४३.३३ प्रतिशत शिक्षकहरू सन्तुष्टि रहेको पाइयो भने, २० प्रतिशत शिक्षकहरू सामाजिक प्रतिष्ठाको सवालमा पूर्ण सन्तुष्ट रहेको पाइयो ।

### ४.१.६ कर्तव्य

मानिस एक सामाजिक प्राणि हो । उसले समाजमा गर्नुपर्ने विभिन्न भूमिकाहरू हुन्छन् । जसलाई कर्तव्य भनिन्छ । आफ्नो जिम्मेबारी बहन गर्नुपर्ने कार्य कर्तव्य हो । यसलाई भावनात्मक पक्षमा हेर्ने गरिन्छ । कर्तव्यलाई व्यक्तिगत आचरण र व्यवहारले प्रभाव पारेको हुन्छ ।

यस अध्ययनमा शिक्षण पेशामा संलग्न शिक्षकहरू पेशाप्रतिको दायित्व र कर्तव्यमा सन्तुष्ट छन् कि छैनन् भनी अध्ययन गनए खोजिएको थियो । शिक्षण पेशालाई शिक्षकले हेर्ने दृष्टिकोण कस्तो छ ? आफ्नो कार्यभार, विद्यार्थीको सिकाइ उपलब्धि, पेशाप्रतिको रुचि, शिक्षक एक अभिभावकको रुपमा, सुधारात्मक व्यक्तिका रुपमा र विद्यालय तथा समुदायप्रतिको आफ्नो कर्तव्य र दायित्वलाई समेट्ने गरी अधययन क्षेत्रमा शिक्षकहरूको पेशागत सन्तुष्टि पहिचान गर्न प्रश्नावलीको आधारमा अभिमत सङ्कलन गरिएको थियो । जसबाट प्राप्त मतलाई गणना गरी बारम्बारता वितरण तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६**

**सन्तुष्टि**

| धारणाको स्तर | बारम्बारता | प्रतिशत |
|---|---|---|
| पूर्ण असहमत | ० | ० |
| असहमत | ० | ० |
| अनिश्चित | ० | ० |
| सहमत | १९ | ६३.३३ |
| पूर्ण सहमत | ११ | ३६.३७ |
| जम्मा | ३० | १०० |

माथिको तालिकाअनुसार शिक्षण पेशालाई महत्वपूर्ण कर्तव्यनिष्ठ र जिम्मेवारीपूर्वक लिएका र पेशाबाट आफू रहेको मत ६३.३३ प्रतिशत शिक्षक, शिक्षिकाहरूले दिइएका छन् भने ३६.३७ प्रतिशत शिक्षक, शिक्षिकाहरू पेशाप्रतिको कर्तव्यमा पूर्ण सन्तुष्ट रहेको पाइयो । यसबाट आफ्नो पेशाप्रतिको कार्यभार, विद्यार्थीको सिकाइ उपलब्धिमा आफ्नो भूमिका विद्यालय तथा समुदायप्रतिको आफ्नो दायित्वमा शिक्षकहरू सन्तुष्ट रहेको पाइयो ।

### ४.१.७ सेवा र सुविधा

व्यक्ति वा राष्ट्रले प्राप्त गर्ने आयलाई सेवा र सुविधा भनिन्छ । व्यक्तिका न्यूनतम आवश्यकता पूरा गर्न रुपिया पैसाको आवश्यकता पर्दछ । सो धन पैसालाई कुनै न कुनै स्रोतबाट जुटाउनुपर्ने हुन्छ । नेपाल सरकारले अन्य पेशाको सरह शिक्षण पेशाको तलब भत्ता पनि तोक्ने र वितरण गर्ने गरेको छ । आफ्नो तलब, भत्ता र सुविधाबाट सन्तुष्ट छन् कि छैनन् वितरण तथा वृद्धि प्रक्रिया राम्रो छ कि छैन भनी अध्ययन क्षेत्रका शिक्षकहरूसँग पेशा प्रतिको सन्तुष्टि पहिचान गर्न खोजिएको  थियो । शिक्षकहरू ट्युसन

कार्यमा व्यस्त तथा अन्य पेशामा संलग्न र शिक्षण पेशा छाडी अन्य पेशामा जाने गरेको वर्तमान अवस्थमा शिक्षकहरू पेशाप्रति सन्तुष्ट छन्, छैनन् भनी जान्न खोजिएको थियो । योग्यता अनुरूप पारिश्रमिक ठिक भए नभएको शिक्षकले शिक्षण पेशाको अलावा अन्य पेशा गर्नु र अन्य पेशाको तुलनामा तलब सुविधा राम्रो हुनु वा नहुनु तलब र तलबमानमा वार्षिक वृद्धि सम्बन्धी विभिन्न पक्षमा शिक्षकहरूले व्यक्त गरेको मतलाई गणना गरी बाम्बाता तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका नं. ४.७**

**सेवा र सुविधा**

| **धारणाको स्तर** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| पूर्ण असहमत | १ | ३.३४ |
| असहमत | ९ | ३० |
| अनिश्चित | ४५ | १३.३३ |
| सहमत | १२ | ४० |
| पूर्ण सहमत | ४ | १३.३३ |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार ३.३४ प्रतिशत शिक्षकहरू शिक्षण पेशामा भएको तलब, तलब वृद्धि तथा सुविधा न्यून रहेको भनी पूर्ण रूपमा असन्तुष्ट रहेको पाइयो । र ३० प्रतिशत शिक्षक शिक्षिकाहरू असन्तुष्ट रहेको पाइयो । भने १३.३३ प्रतिशत शिक्षकहरूले शिक्षण पेशाको पारिश्रमिक र सुविधा सन्दर्भमा अनिश्चितता व्यक्त गरेको पाइयो । त्यसैगरी ४० प्रतिशत शिक्षकहरूले शिक्षण पेशामा पारिश्रमिक तलब, सुविधा, निवृत्तिभरण, पेन्सन जस्ता कुराहरू सन्तुष्ट व्यक्ति रहेको पाइयो । भने १३.३३ प्रतिशत शिक्षकहरू पारिश्रमिक र सुविधाको पक्षमा पूर्ण सन्तुष्ट रहेको पाइयो ।

### ४.२ शिक्षण अवस्थाप्रति शिक्षकहरूको धारणा (तुलनात्मक विवेचना)

शिक्षकहरूको शिक्षणप्रतिको धारणा पहिचान गर्न शिक्षणप्रतिको धारणासँग सम्बन्धित उपरोक्त ७ वटा पक्षहरूमा निर्माण गरिएका बन्द प्रश्नावलीहरूमा अधयययन छनोटमा परेका शिक्षकहरूले व्यक्त गरेको धारणालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.८**

**शिक्षण अवस्थाप्रति शिक्षकहरूको धारणा**

| | पूर्ण असहमत | असहमत | अनिश्चित | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| शैक्षिक वातावरण | | २ | ७ | ११ | १० |
| पाठ्यक्रम तथा पाठ्यपुस्तक | | २ | ७ | १२ | ९ |
| शैक्षिक सामग्री | | ० | ५ | १९ | ६ |
| परीक्षा मूल्याङ्कन | | १ | ५ | ११ | १३ |
| सामाजिक प्रतिष्ठा | | ४ | ७ | १३ | ६ |
| कर्तव्य | | ० | ० | १९ | ११ |
| सेवा र सुविधा | १ | ९ | ४ | १२ | ४ |

माथिको तालिकालाई अध्ययन गर्दा शिक्षकहरूको पेशाप्रतिको धारणा विभिन्न चरणमा विभाजन भएको पाइन्छ । प्राप्त प्रतिशतको आधारमा कुनै पक्षमा कम त कुनैमा बढी मत वा धारणा रहेको पाइयो । समग्रमा शिक्षकहरूको आफ्नो पेशाप्रति ५० देखि १०० प्रतिशतसम्म सकारात्मक धारणा राखेको पाइयो । त्यस क्षेत्रको वर्तमान शैक्षिक वातावरणको अवस्थामा ७० प्रतिशत शिक्षकहरू सकारात्मक धारणा रहेको छ भने पाठ्यक्रम तथा पाठ्यपुस्तकमा ७० प्रतिशत शिक्षकहरूको धारणा सकारात्मक रहेको पाइयो । त्यस क्षेत्रको शैक्षिक सामग्रीको प्रयोगमा ८३.३३ प्रतिशत शिक्षकहरूको धारणा सकारात्मक रहेको पाइयो । विद्यालय स्तरमा सञ्चालन हुने परीक्षा तथा मूल्याङ्कन परिपाटीम पनि ८० प्रतिशत शिक्षकहरूको सकारात्मक धारणा रहेको छ । त्यसैगरी सामाजिक प्रतिष्ठा ५३.३३ प्रतिशत शिक्षकको सकारात्मक धारणा पाइयो । विद्यालयप्रति आफ्नो कर्तव्य १०० प्रतिशत शिक्षकको सकारात्मक धारणा पाइयो र अन्तर्गत सेवा र सुविधामा ५३.३३ प्रतिशत शिक्षकहरूको सकारात्मक धारणा पाइयो ।

वर्तमान शैक्षिक वातावरण अनुकुल वा प्रतिकुल कनैपनि अवस्था उल्लेख नगरि २३.३३ प्रतिशत शिक्षकले अनिश्चित धारणा व्यक्त गरेको पाइयो भने पाठ्यक्रम तथा पाठ्यपुस्तक २३.३३ प्रतिशत शिक्षहरूले अनिश्चितता धारणा तथा मत राखेको पाइयो । शैक्षिक सामग्री १६.६७ प्रतिशत शिक्षकहरू अनिश्चित धारणा भएको मत पाइयो । परीक्षा र मूल्याङ्कन १६.६७ प्रतिशत शिक्षकहरू अनिश्चित धारणा तथा मत राखेको थिए । त्यसैगरी सामाजिक प्रतिष्ठामा २३.३४ र सेवा र सुविधा १३.३३ प्रतिशत शिक्षकहरूको अनिश्चित धारणा तथा मत पाइएको थियो ।

त्यसैगरी शैक्षिक वातावरणमा ६.६७ प्रतिशत, पाठ्यक्रम तथा पाठ्यपुस्तकमा ६.६७ प्रतिशत, परीक्षा र मूल्याङ्कन ३.३३ प्रतिशत, सामाजिक प्रतिष्ठा १३.३३ प्रतिशत, सेवा र सुविधा ३० प्रतिशत, शिक्षकहरूले असन्तुष्ट धारणा तथा मत पाइएको थियो । त्यसै गरी सेवा र सुविधामा ३.३४ प्रतिशत शिक्षकहरूले पूर्ण असन्तुष्टि धारणा तथा मत पाइएको थियो ।

त्यसैगरी विद्यार्थीहरूबाट लक्षित समूहद्वारा सङ्कलन गरिएको तथ्याङ्कको विश्लेषणबाट शिक्षकहरूको शिक्षणप्रति सकारात्मक धारणा रहेको प्रतिक्रिया पाइयो । शिक्षकहरू विद्यार्थीहरूप्रति उत्तरदायी हुने आफ्नो पेशालाई मर्यादित ठान्ने गरेको पाइयो भने केही शैक्षिक सामग्रीको प्रयोग नगर्ने धेरैजसो शिक्षकहरू पाठ्यपुस्तकमा मात्रै सीमित रहने, कक्षा कोठामा भन्दा पनि ट्युसनमा राम्ररी पढाउने र परीक्षालाई मात्रै लक्षीत गरेर पढाउने गरेको जसले गर्दा विद्यार्थीहरूमा दिगो सिकाइ नहुने प्रतिक्रिया प्राप्त भयो ।

## ४.३ प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रिया

अध्ययन छनोटमा परेका ५ वटै विद्यालयका प्रधानाध्यापकहरूलाई लिइएको असंरचित अन्तर्वार्ताद्वारा सङ्कलन गरिएको तथ्याङ्कको विश्लेषणबाट निम्न बमोजिमको प्रतिक्रिया प्राप्त भयो ।

### ४.३.१ शिक्षाको पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्वहरू

शिक्षकहरूले पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्वहरूको सम्बन्धमा अन्तवार्तामा प्रश्नाहरू मैखिक रूपमा सोधी प्राप्त प्रतिक्रियालाई विश्लेषण गर्दा प्रतिक्रियाहरू फरक–फरक २ मुख्य रूपमा तलब र तलबमा वार्षिक वृद्धि उपयुक्त नहुनु, शिक्षकको पेन्सन तथा विकास प्रक्रिया संतोष जनक नहुनु मेहेनत बढी र पैसा कम, समुदायको नकारात्मक दृष्टिकोण, पारिश्रमिकहरूले शिक्षकहरूलाई जीवन धान्न गाह्रो भएको, तालिमको उचित प्रबन्ध नहुनु, जागिरको अनिश्चितता, सुविधा तथा पठोन्नतीमा असमानता, परीक्षा परिणाममा शिक्षकहरूले दोष खप्नु नै सन्तुष्टिमा प्रभाव पार्ने कारण हुन् । निजामति सेवा र शिक्षक सेवा सुविधामा धेरै अन्तर हुन् ।

# अध्याय – पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

शैक्षणिक अवस्थाप्रति शिक्षकको धारणा बुझ्न ७ वटा पक्षहरू शैक्षिक वातावरण, शैक्षिक सामाग्री, पाठ्यक्रम तथा पाठ्यपुस्तक, परीक्षा र मूल्याङ्कन, सामाजिक प्रतिष्ठान, कर्तव्य र सेवा सुविधा समावेश गरी प्रत्येक जम्मा ७२ वटा प्रश्नावली मार्फत उनीहरूको विचार अभिमत सङ्कलन गरिएको थियो ।

शिक्षण अवस्थाप्रतिको धारणा र सन्तुष्टि पहिचान गर्न मत सर्वेक्षण अन्तर्वार्ता र समूह छलफल विधिलाई अपनाइएको थियो ।

शोध विषयलाई अध्ययन गर्ने सन्दर्भमा निर्धारित प्राथमिक र सहायक स्रोतहरूबाट प्राप्त जानकारीहरूको आधारमा विश्लेषणात्मक अध्ययन गरिएको थियो । अनुसन्धानबाट प्राप्त जानकारीहरूको विश्लेषणात्मक अध्ययनबाट प्राप्त सारांशलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

शैक्षणिक अवस्थाप्रति शिक्षकको धारणा बुझ्न समावेश गरिएका ७ वटा पक्षहरू मध्ये शैक्षिक वातावरण प्रति अध्ययन छनोटमा परेका शिक्षकहरूमा बढी जसो सकारात्मक धारणा रहेको पाइयो । जसमा पूर्ण सहमतमा ३३.३३ सहमतमा ३६.६७ प्रतिशत गरी ७० प्रतिशत शिक्षकहरूले सकारात्मक धारणा राखेको पाइयो भने ३३.३३ प्रतिशत अनिश्चित मत राखेको पाइयो । त्यसै गरी ६.६७ प्रतिशत शिक्षकहरूले शैक्षिक वातावरणप्रति नकारात्मक धारणा राखेको पाइयो ।

पाठ्यक्रम तथा पाठ्यपुस्तक पक्षमा ६.६७ प्रतिशत शिक्षकहरूले नकारात्मक धारणा राखेका छन् भने २३.३३ प्रतिशत शिक्षकहरूले अनिश्चित धारणा रहेको छ । त्यसै गरी सहमत ४० प्रतिशत, पूर्ण सहमत ३० प्रतिशत गरी जम्मा ७० प्रतिशत शिक्षकहरूको धारणा सकारात्मक रहेको छ ।

शैक्षिक सामग्रीको विषयमा १६.६७ प्रतिशत र शिक्षकहरूले अनिश्चित मत राखेको पाइयो । भने सहमत ६३.३३ प्रतिशत र पूर्ण सहमत २० प्रतिशत शिक्षकहरूको धारणा सकारात्मक रहेको पाइयो ।

परीक्षा तथा मूल्याङ्कनको पक्षमा ३.३३ प्रतिशत शिक्षकहरूको धारणा नकारात्मक पाइयो भने १६.६७ प्रतिशत शिक्षकहरू धारणा अनिश्चित पाइयो । त्यसैगरी ३६.६७ प्रतिशत र पूर्ण सहमत ४३.३३ प्रतिशत जम्मा ८० प्रतिशत शिक्षकहरूको सकारात्मक धारणा  पाइयो ।

सामाजिक प्रतिष्ठा पक्षमा २३.३४ प्रतिशत शिक्षकहरू धारणा अनिश्चित भएको पाइयो भने ४३.३३ प्रतिशत शिक्षकहरू सहमत भएको पाइयो । त्यसै २० प्रतिशत शिक्षकहरू पूर्ण सहमत भएको पाइयो । जम्मा ६३.६३ प्रतिशत शिक्षक सकारात्मक धारणा रहेको पाइयो ।

कर्तव्य पक्षमा ६३.३३ प्रतिशत शिक्षक सहमत र ३६.६७ प्रतिशत शिक्षक पूर्ण सहमत गरी जम्मा १०० प्रतिशत शिक्षकहरूको धारणा सकारात्मक पाइएको थियो ।

अन्तमा सेवा र सुविधाको पक्षमा ३.३४ प्रतिशत शिक्षकले नकारात्मक र ३० प्रतिशत शिक्षकले अनिश्चित धारणा व्यक्त गरेका थिए । त्यसैगरी ४० प्रतिशत शिक्षकले सहमत र १३.३३ प्रतिशत सहमत गरी जम्मा ५३.३३ प्रतिशत शिक्षकले सकारात्मक धारणा व्यक्त गरेका थिए ।

शिक्षण पेशामा देखा परेका समस्याहरूमा पूर्णतार्जगी तालिमको अभाव, शैक्षिक प्रविधिको प्रयाप्त ज्ञान नहुनु, समय समयमा शिक्षकहरूलाई अभिमुखीकरण नगर्नु उचित प्रोत्साहनको अभाव, पेशागत स्थायित्वको व्यवस्था नहुनु जस्ता कुराहरू समस्याहरू अध्ययनको निष्कर्ष रूपमा प्राप्त भयो ।

## ५.२ अध्ययनको निष्कर्ष

अध्ययनको उद्देश्य पूरा गर्न सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण पश्चात निम्नानसारको निष्कर्ष प्राप्त भएको छ । शैक्षणिक अवस्थाप्रति बढी जसो शिक्षकहरूको धारणा सकारात्मक रहेको छ । शिक्षकहरू शिक्षण पेशाबाट सन्तुष्ट रहेको पाइयो । शिक्षण पेशामा महिला शिक्षिकाको सहभागिता कम छ । वर्तमान शैक्षिक वातावरण प्रति ७० प्रतिशत शिक्षकहरूको धारणा सकारात्मक छ भने ६.६७ प्रतिशत शिक्षकहरूको धारणा नकारात्मक र २३.३३ प्रतिशत शिक्षकहरूको धारणा अनिश्चित छन् । पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारितामा ७० प्रतिशत शिक्षकहरूको सकारात्मक धारणा पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको निर्माण र प्रयोगले प्रभावकारी हुन्छ भनी ८३.३३ प्रतिशत शिक्षकहरूको धारणा सकारात्मक देखियो । विद्यालयस्तरमा संञ्चालित परीक्षाप्रणाली र मूल्याङ्कन परिपाटीमा ८० प्रतिशत शिक्षकहरूको सकारात्मक धारणा रहेको पाइयो । शिक्षण पेशाप्रति आफ्नो कर्तव्य पक्षमा १०० प्रतिशत शिक्षकहरू सन्तुष्ट भएको पाइयो । शिक्षण पेशाको सेवा र सुविधा ५३.३३ प्रतिशत शिक्षकहरू सन्तुष्टि रहेको पाइयो भने ३.३४ प्रतिशत शिक्षक नकारात्मक पाइयो भने १३.३३ प्रतिशत शिक्षकहरू धारण अनिश्चत रहेको पाइयो । सामाजिक प्रतिष्ठानका ६३.३३ प्रतिशत शिक्षकहरूको धारणा नकारात्मक पाइयो ।

## ५.३ सुझावहरू

कुनै पनि अध्ययन अनुसन्धान पश्चात अध्ययनको क्रममा देखिएका विभिन्न पक्षहरूलाई सुधार गर्नको निम्ती सुझावहरू प्रस्तुत गर्नुपर्ने हुन्छ । प्रस्तुत गरिएका सुझावहरूले पछि अध्ययन अनुसन्धान

गर्ने सम्बन्धित पक्षलाई केही टेवा पुऱ्याउन सक्छ । अनुसन्धानकर्ताले प्रस्तुत गरिएका सुझावहरू महत्वपूर्ण मानिन्छन् । अध्ययनको क्रममा आफूले प्रत्यक्ष देखे भोगेका कुराहरूलाई प्रस्तुत गरिदिँदा नयाँ क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने अध्ययन कर्तालाई सहयोगी हुन पुग्छ । अध्ययनको क्रममा देखिएका शिक्षण पेशासँग सम्बन्धित विभिन्न समस्याहरू औल्याई सुझावको रूपमा समग्रमा प्रस्तुत गरिएको छ ।

- विद्यालय स्तरबाट नै गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्दछ । जसको लागि शिक्षा लिन र दिन शैक्षिक वातावरण अनुकुल बनाउनु पर्दछ ।
- शिक्षण एक सम्मानजनक र चुनौतिपूर्ण पेशा हो अन्य पेशा सरह पारिश्रमिक तलब भत्ता र सुविधा प्रदान गर्नुपर्दछ ।
- शैक्षिक सामग्रीले सिकाइलाई दिगो र प्रभावकारी बनाउने हुँदा पर्याप्त शैक्षिक सामग्री खरिद, उपलब्ध र व्यवस्था गर्नुपर्दछ ।
- शैक्षिक उपलब्धि उच्च राख्न शिक्षकको मात्र पूर्ण भूमिका हुँदैन सम्पूर्ण पक्ष, शिक्षक, विद्यार्थी, अभिभावक, प्रशासन र समुदाय सक्रिय हुनुपर्दछ ।
- समानुपातिक दरवन्दी वितरण गरि विद्यार्थी सङ्ख्या र विषयगत आधारमा शिक्षक शिक्षिकाको नियुक्ति गर्नुपर्दछ ।
- विद्यालय स्तरमा पुस्तकालयको स्थापना र सञ्चालन गर्नुपर्दछ ।
- योग्य, दक्ष, र तालिम प्राप्त विषयगत शिक्षकहरूको नियुक्ति गर्नृपर्दछ ।
- शिक्षण पेशामा महिला शिक्षिकाको सहभागिता बढाउनु पर्दछ ।
- निरीक्षण र अनुगमन प्रक्रियालाई निरन्तरता दिनुपर्दछ ।
- निरीक्षण र अनुगमन प्रक्रियालाई निरन्तरता दिनुपर्दछ ।
- राजनैतिक गतिविधिबाट शैक्षिक वातावरण, क्रियाकलाप र संस्थालाई अलग्गै रहने वातावरण सम्बन्धी पक्ष वा नागरिक समाजले ध्यान पुऱ्याउनु पर्दछ ।
- शिक्षकहरू पेशाप्रति जागरुक, निष्ठावान, कर्तव्यनिष्ठ र जिम्मेबारी बन्नुपर्दछ ।
- सरकारी तथा निजी विद्यालयहरूको व्यवस्थापन तथा सञ्चाचलन प्रक्रियामा एकरूपता कायम गर्नुपर्दछ जसले गर्दा शैक्षिक उपलब्धि तथा परीक्षा परिणममा समानता कायम हुन सहयोग पुग्दछ ।
- तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूको शैक्षणिक अवस्थाप्रतिको धारणा एवम् पेशामा सन्तुष्टि पहिचान गर्न अध्ययन गर्न सकिन्छ ।

# सन्दर्भ सूची

Agrawal, C. (1995). *Essentials of Education Technology Teaching Learning Innovation in Education*. New Delhi : Vikash Publishing Houses Pvt.Ltd

Best, J.W. and J.V. Kahn (2004). *Research in Education.* New Delhi : Prentice Hall of India.

CERID, (1992) "To Iind out Rural People Attitudes towards Teaching Profession" AT hesis T.U. Kathmandu

Chand, S.N. (2056) "Teachers Attitude towards Teaching Profession" A Thesis ,T.U. Kathmandu

Chauhan, S.S (1983). *Innovations in Teaching Learning Process*. New Delhi Vikash Publishing House PVT. Ltd.

Cumming, Chris (2003). *Teacher Training : A Gateway to Profession Development Teacher Education*. MOES. NCED Bulletin.

अर्याल, प्रेमनारायण, अधिकारी, बालकृष्ण, लुइटेल, रमेश (२०६६) । *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार*। कीर्तिपुर : क्वेस्ट पब्लिकेसन ।

अधिकारी, विष्णुप्रसाद (२०६५) । *शिक्षक छनोट प्रक्रिया र शैक्षिक गुणस्तरको सवालमा लेख*। काठमाडौं : प्रशासक शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

अधिकारी, विष्णुप्रसाद (२०६८) । *शिक्षाशास्त्र र नेपालमा शिक्षा सिद्धान्त र अभ्यास*। बागबजार : आशिष बुक हाउस प्रा.लि. ।

खनाल, पेशल (२०६५) । *शैक्षिक अनुसन्धान पद्धति*। काठमाडौं, कीर्तिपुर : सनलाइट प्रकाशन ।

ज.ब.रा. प्रा. स्वयंप्रकास र पौडेल, सह–प्रा. गिरिराज (२०६७) । *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार*। काठमाडौं : हेरिटेज प्रकाशन तथा वितरण प्रा. लि. भोटाहिटी काठमाडौं ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६५) । *शिक्षाका आधारहरु*। काठमाडौं (रत्न पुस्तक भण्डार) ।

प्रधान, देविना (२०६४) । *नेपालमा प्राथमिक तहमा गुणस्तरीय शिक्षा अभ्यास, चुनौति र आगामी बाटो लेख शैक्षिक सूचनाको संगालो* । सानोठिमी भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

भूषाल, सूर्यप्रसाद (२०६४) । *शिक्षा प्रणालीमा शिक्षक एक चर्चा* । काठमाडौं : शैक्षिक मञ्च, नेपाल राष्ट्रिय शिक्षा सङ्गठन केन्द्रीय समिति ।

*राष्ट्रिय शिक्षा पद्धति योजना* (२०२८–३२) । शिक्षा मन्त्रालय काठमाडौं ।

श्रेष्ठ, हर्कप्रसाद (२०६२) । *शिक्षा शैक्षिक पत्रिका* । सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

श्रेष्ठ, हर्कप्रसाद (२०६५) । *शिक्षा शैक्षिक पत्रिका* । सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, गोपीनाथ (२०५७) । *शिक्षा शैक्षिक पत्रिका* । सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, गोपीनाथ (२०६६) । *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु* । काठमाडौं : मकालु प्रकाशन ।

शर्मा, कुवेरनाथ (२०६१) । *शिक्षाको दर्शनशास्त्रीय एवम् सामाजशास्त्रीय आधार* । काठमाडौं रत्नपुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५८) । *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार* । भोटाहिटी काठमाडौं : एम. के. पब्लिसर्स एक डिष्ट्रिव्यूटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५३) । *शिक्षाको समाजशास्त्रीय तथा दर्शनशास्त्रीय आधार* । काठमाडौं : एम. के. पब्लिसर्स तथा डिष्ट्रिव्यूटर्स ।

शर्मा, गोपीनाथ (२०४३) । *नेपालमा शैक्षिक इतिहास* । काठमाडौं : हेमकुमारी शर्मा ।

शिक्षा ऐन (२०२८) । *शिक्षा नियमावली २०५९ र शिक्षक आयोग नियमावली २०५९* । पुतलीसडक, काठमाडौं : बौद्धिक दर्पण प्रकाशन ।

शिक्षा विभाग (२०६३) । *शैक्षिक सूचनाको संगालो* । सानोठिमी भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

हाडा, भूपेन्द्र (२०५५), *गुणात्मक शिक्षणमा शिक्षकको पेशागत दायित्व* । शैक्षिक विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ।

# परिशिष्ट – १

## नमूना छनोटमा परेका विद्यालयहरु

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री जनकल्याण उच्चमाध्यमिक विद्यालय | बाघमारे – ५, दाङ |
| २. | श्री वी.पी. कोइराला उच्चमाध्यामिक विद्यालय | शान्तिनगर – ३, वयाले सिम्तारा दाङ |
| ३. | श्री वीरेन्द्र उच्च माध्यामिक विद्यालय | पवननगर – ४, भ्युडरसुन्पुर |
| ४. | श्री सिद्ध पृथ्वी उच्च माध्यामिक विद्यालय | श्रीगाउँ – ४, श्रीगाउँ दाङ । |
| ५. | शिवशक्ति माध्यामिक विद्यालय | धनौरी – ७, धनौरा दाङ |

# परिशिष्ट – २

## छनौट परेका प्रधानाध्यापकहरुको विवरण

| क्र.स. | शिक्षकको नाम | योग्यता | तह | सेवा | उमेर | शिक्षण अनुभव | तालिम |
|---|---|---|---|---|---|---|---|
| १. | कृष्णकुमार चन्द | वि.एड. | मा.वि | स्थायी | ४६ | १९ | छ |
| २. | भागवत न्यौपाने | एम. एड | " | स्थायी | ४२ | १६ | " |
| ३. | मदनकुमार आचार्य | " | " | " | ५३ | २४ | " |
| ४. | शिवकुमार लामिछाने | " | " | स्थायी | ४८ | १६ | " |
| ५. | वासुदेव मल्ल | वि.एड. | " | " | ५३ | २१ | " |

## परिशिष्ट – ३

## छनौट परेका शिक्षक शिक्षिकाहरुको विवरण

| क्र.स. | शिक्षकको नाम | योग्यता | तह | सेवा | उमेर | शिक्षण अनुभव | तालिम |
|---|---|---|---|---|---|---|---|
| १. | श्यामकुमार रायमाझी | वि.एड. | मा.वि | अस्थायी | ४५ | १५ | छ |
| २. | कुस्मा ओली | वि.एड | " | अस्थायी | ३४ | ६ | छ |
| ३. | यज्ञकुमार रिजाल | बि. एड | " | स्थायी | ४४ | १७ | " |
| ४. | तुलसी गिरी | " | " | " | ४१ | १७ | " |
| ५. | गोपीनाथ डाँगी | एम.एड. | " | " | ४८ | १८ | " |
| ६. | विना शर्मा | " | " | अस्थायी | ३७ | ९ | " |
| ७. | शम्भु सुनार | " | " | अस्थायी | ४४ | १२ | " |
| ८. | भगवता गौतम | " | " | " | ४० | १३ | " |
| ९. | विवेक सोती मगर | एम.एड. | " | " | ३८ | ८ | " |
| १०. | मनु बुढा | एम. एड | " | अस्थायी | ३४ | ७ | " |
| ११. | रामबहादुर ओली | | नि.मा.वि. | स्थायी | ३९ | १८ | " |
| १२. | हिमा के.सी. | वि.एड. | " | अस्थायी | ३६ | ९ | " |
| १३. | नन्दलाल पाण्डे | आइ.एड. | " | स्थायी | ५५ | ३० | " |
| १४. | निमा भुजेल | | " | " | ४१ | १९ | " |
| १५. | पुस्कर के.सी. | वि.एड. | " | " | ४८ | २० | " |
| १६. | सिता चौधरी | | " | अस्थायी | ३९ | ५ | " |
| १७. | निर्मल वादी | | " | स्थायी | ४४ | १९ | " |
| १८. | विना योग्यी | आइ.एड. | " | अस्थायी | ३० | ७ | " |
| १९. | रेवत बुढाथोकी | एम.एड. | " | " | ३६ | ७ | " |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०. | भिमा के.सी. | वि.एड. | ” | ” | ३४ | ८ | ” |
| २१. | शिवप्रसाद ओली | आइ.एड. | प्रा.वि. | स्थायी | ५७ | ३३ | ” |
| २२. | निमा खड्का | | ” | ” | ४४ | १२ | ” |
| २३. | डोरबहादुर थापा | | ” | ” | ५४ | २९ | ” |
| २४. | विना विक | | ” | अस्थायी | ३१ | ५ | ” |
| २५. | निमबहादुर विक | आइ.एड. | ” | स्थायी | ४१ | १२ | ” |
| २६. | मिना डाँगी | | ” | ” | ३९ | १४ | ” |
| २७. | ज्ञानुनाथ योगी | | ” | ” | ५३ | २९ | ” |
| २८. | शान्ता चौधरी | | ” | अस्थायी | २९ | ९ | ” |
| २९. | भूपबहादुर मल्ल | | ” | स्थायी | ५७ | ३९ | ” |
| ३०. | सुनिता खड्का | | ” | ” | ४४ | १६ | ” |

# परिशिष्ट – ४

## प्रश्नावली

## शिक्षण पेशाप्रतिको शिक्षक धारणा पहिचान गर्न निर्माण गरिएको Attitude Scale को नमुना

नोट : तपाईंको पेशासँग सम्बन्धित भनाइहरु वा प्रश्नावलीहरु तपाईंलाई सोधिएको छ । आफ्नो विचारलाई तल दिइएको खाली कोठामा चिह्न लगाउनुहोस् ।

नाम : महिला : पुरुष :

शैक्षिक योग्यता : अनुभव :

शिक्षण गर्ने विषय :

विद्यालयको नाम : तालिम : छ/छैन

| क.सं. | विवरण | पूर्ण सहमत | सहमत | अनिश्चित | असहमत | पूर्ण असहमत |
|---|---|---|---|---|---|---|
| | **शैक्षिक वातावरण** | | | | | |
| १ | मलाई कक्षा शिक्षणको समयमा बीचबीचमा नबुझेको कुरा सोध्ने विद्यर्थी मन पर्छ । | | | | | |
| २ | मलाई शिक्षण पेशा राम्रो लाग्छ । | | | | | |
| ३ | मलाई खाली समयमा सहपाठी शिक्षकहरुसँग विषयगत कुराहरुमा छलफल गर्न राम्रो लाग्छ । | | | | | |
| ४ | मलाई विद्यालयको वातावरण एकदमै रमाइलो लाग्छ । | | | | | |
| ५ | विद्यालयको शैक्षिक वातावरण एकदमै रमाइलो लाग्छ । | | | | | |
| ६ | विद्यालयको शैक्षिक वातावरणमा शिक्षा लिन र दिन उपयुक्त छ । | | | | | |
| ७ | अभिभावकहरुसँगको छलफलबाट | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थीहरुलाई बुझ्न सजिलो हुन्छ । | | | | | |
| ८ | विद्यार्थीहरुसँग आफ्नो अनुभवहरु साट्न मलाई राम्रो लाग्छ । | | | | | |
| ९ | शिक्षक विद्यार्थीको असल मित्र हो । | | | | | |
| १० | विद्यालयको वातावरण सबै समयमा एकै नासको भएमा पट्यार लाग्दो हुन्छ । | | | | | |
| ११ | विद्यालयको शैक्षिक वातावरणले मेरो प्रतिभालाई छुट्याएको छ । | | | | | |
| १२ | बालकको बौद्धिक निकायको लागि विद्यालयमा स्वतन्त्र वातावरण पर्दछ । | | | | | |
| **पाठ्यक्रम तथा पाठ्यवस्तु** | | | | | | |
| १ | पाठ्यक्रमले मलाई शिक्षण गर्न सहयोग पुऱ्याएको छ । | | | | | |
| २ | पाठ्यपुस्तक नभए पनि पढाउन सकिन्छ | | | | | |
| ३ | नेपालको माध्यमिक तहको पाठ्यक्रम समयसापेक्ष छ । | | | | | |
| ४ | मलाई पाठ्यपुस्तक भन्दा पनि अन्य स्रोतहरुबाट शिक्षण गर्न राम्रो लाग्छ । | | | | | |
| ५ | विद्यालय तहको पाठ्यक्रम विद्यर्थीहरुको रुचि र क्षमताअनुरुपको छैन । | | | | | |
| ६ | पाठ्यपुस्तकको विद्यार्थीहरुलाई अध्ययन गर्न बानीको विकास गराउँछ । | | | | | |
| ७ | शिक्षकले कक्षाकोठामा शिक्षण पाठ्यपुस्तकमा सीमित रहेर गर्नुपर्छ । | | | | | |
| ८ | पाठ्यक्रमले शिक्षण कार्यलाई एकदमै सजिलो बनाइदिएको छ । | | | | | |
| ९ | पठ्यक्रम समयअनुसार परिवर्तन गराइराख्नु पर्दछ । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **शैक्षिक सामग्री** | | | | | | |
| १ | शैक्षिक सामग्रीको निर्माण गर्नु खर्चिलो र झन्झटिलो छ । | | | | | |
| २ | शैक्षिक सामग्रीको प्रयोग बिना पनि विद्यार्थीले राम्ररी चिन्न सक्दछन् । | | | | | |
| ३ | शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा दिगो सिकाइ हुन्छ । | | | | | |
| ४ | शैक्षिक सामग्रीको स्थानीय रुपमा निर्माण गर्नु गाह्रो छ । | | | | | |
| ५ | शैक्षिक सामग्रीको प्रयोगले शिक्षण कार्यमा जटिलता ल्याउँछ । | | | | | |
| ६ | मलाई शैक्षिक सामग्री बिना शिक्षण गर्न मन पर्दैन । | | | | | |
| ७ | आफैले बनाएको सामग्री भन्दा आयातित सामग्रीहरु बढी प्रभावकारी हुन्छन् । | | | | | |
| ८ | शैक्षिक सामग्रीको प्रयोगले शिक्षकलाई निष्क्रिय बनाउँछ । | | | | | |
| ९ | माध्यमिक तहमा शैक्षिक सामग्रीको प्रयोग त्यति आवश्यक छैन । | | | | | |
| **परीक्षा र मूल्याङ्कन** | | | | | | |
| १ | मूल्याङ्कनले विद्यार्थीको सिकाइलाई प्रोत्साहित गर्नु । | | | | | |
| २ | मूल्याङ्कन निर्माणात्मक हुनुपर्दछ । | | | | | |
| ३ | मूल्याङ्कनको परिणामले शिक्षकलाई शिक्षण गर्न सहयोग पुऱ्याउँछ । | | | | | |
| ४ | निरन्तर मूल्याङ्कन गर्नु झन्झटिलो काम हो । | | | | | |
| ५ | बारम्बार परीक्षा लिनु समयको बरबादी मात्र हो । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | परीक्षा लिनु सजिलो हुन्छ तर कापी काट्न झन्झटिलो हुन्छ । | | | | | |
| ७ | वर्षमा एकचोटि मूल्याङ्कन मात्र गरे पुग्छ | | | | | |
| ८ | निरन्तर मूल्याङ्कनले बेकारमा खर्च बढाउँछ । | | | | | |
| ९ | मूल्याङ्कनले विद्यार्थीलाई परीक्षामुखी बनाउँछ । | | | | | |
| १० | निरन्तर मूल्याङ्कनले विद्यार्थीमा घोकन्ते बानीको विकास गराउँछ । | | | | | |
| ११ | मलाई प्रश्नपत्र बनाउन र उत्तरपुस्तिका जाँच्न एकदमै अप्ठ्रो लाग्छ । | | | | | |
| **सामाजिक प्रतिष्ठा** | | | | | | |
| १ | शिक्षक समाजको अगुवा, आदर्श नागरिक र अनुसरणकर्ता हो । | | | | | |
| २ | शिक्षण पेशा बेरोजगारहरुको अन्तिम आश्रय स्थल हो । | | | | | |
| ३ | मैले आफ्ना छोराछोरीहरुलार्य शिक्षक बन्ने सल्लाह दिन्न । | | | | | |
| ४ | समाज शिक्षकको रुपमा विद्यालयमा कार्यरत छु भनी परिचय दिन मलाई गर्व लाग्छ । | | | | | |
| ५ | समुदायमा शिक्षकलाई राम्रो दृष्टिकोणबाट हेरिँदैन | | | | | |
| ६ | शिक्षण एक मर्यादित पेशा हा । | | | | | |
| ७ | शिक्षक समुदायको सचेत नेता हो । | | | | | |
| ८ | यो पारिश्रमिकले शिक्षकलाई जीवन धान्न गाह्रो छ । | | | | | |
| ९ | इज्जत भन्दा पेशा ठूलो कुरा हो । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **कर्तव्य** | | | | | | |
| १ | मेरो कार्यभार विद्यालयको आवश्यकता अनुसार ठीक छ । | | | | | |
| २ | विद्यार्थीहरुको भविष्य शिक्षकको हातमा हुन्छ । | | | | | |
| ३ | विद्यार्थीले सिक्न नसक्नु शिक्षकको कमजोरी हो । | | | | | |
| ४ | शिक्षकले कर्तव्य, दया र सेवालाई भन्दा आफ्नो अधिकारलाई ध्यान दिनु पर्छ । | | | | | |
| ५ | अभिभावकले सुधार्न नसकेको विद्यार्थीलाई शिक्षकले सुधार्न सक्छ । | | | | | |
| ६ | असल शिक्षक देशको संवाहक हो । | | | | | |
| ७ | आफ्ना साथीहरुलाई शिक्षण पेशामा कार्यरत छु भनेर परिचय दिन मलाई अप्ठ्यारो लाग्छ । | | | | | |
| ८ | मलाई कमजोर विद्यार्थी देखेर रिस उठ्छ | | | | | |
| ९ | शिक्षकको काम आफ्नो व्यक्तिले विद्यार्थीमा लादनु हो । | | | | | |
| १० | मलाई शिक्षण पेशा सम्मानजनक लाग्छ | | | | | |
| ११ | शिक्षक जीवनपर्यन्त सिकारु हो । | | | | | |
| **सेवा र सुविधा** | | | | | | |
| १ | योग्यता अनुरुप मेरो पारिश्रमिक ठीक छ | | | | | |
| २ | अतिरिक्त आम्दानी आवश्यक भएकोले शिक्षकले अन्य पेशा गर्दछ । | | | | | |
| ३ | शिक्षण पेशामा भन्दा अन्य पेशामा राम्रो सुविधा र तलब छ । | | | | | |
| ४ | तलब र तलबमा वार्षिक वृद्धि उपयुक्त छैन । | | | | | |
| ५ | शिक्षकको पेन्सन तथा अवकाश प्रक्रिया सन्तोषजनक छैन । | | | | | |
| ६ | तालिम प्राप्तलाई अतिरिक्त भत्ता | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपलब्ध गराउनु पर्छ । | | | | | |
| ७ | शिक्षण पेशामा मेहेनत बढी र पैसा कम छ । | | | | | |
| ८ | मर्यादित पेशा हुनुको लागि बढी पारिश्रमिक हुनु आवश्यक छ । | | | | | |
| ९ | शिक्षण पेशाको मर्यादा खप्नुको प्रमुख कारण आर्थिक नै हो । | | | | | |
| १० | पारिश्रमिक कम भए पनि मलाई शिक्षण पेशा नै राम्रो लाग्छ । | | | | | |
| ११ | पहिले भन्दा अहिले शिक्षण पेशा सुविधायुक्त छ । | | | | | |